**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश श्री शारङ्ग सुवेदी**
**माननीय न्यायाधीश श्री नृपध्वज निरौला**

**आदेश**

**०८२-WO-०७७३**

**बिषय : उत्प्रेषण, प्रतिषेध परमादेश।**

नेपाली कांग्रेस पार्टीको चौधौं महाधिवेशनबाट केन्द्रीय सभापति पदमा निर्वाचित डडेल्धुरा जिल्ला गन्यापधुरा गाउँपालिका वडा नं.१ घर भई हाल, काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.३, महाराजगंज बस्ने शेरबहादुर देउवा---------------------------------------------------------------------- १

नेपाली कांग्रेस पार्टी, केन्द्रीय समितिको अख्तियार प्राप्त भई आफ्नो हकमा समेत नेपाली कांग्रेसका का.वा. सभापति पूर्णबहादुर खड्का---------------------------१

**निवेदक**

**विरूद्ध**

निर्वाचन आयोग, बहादुर भवन, कान्तीपथ काठमाडौं----------------------------१

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.३०, रातोपुल घर भई हाल काठमाण्डौ जिल्ला बुढानिलकण्ठ न.पा. वस्ने ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. २ अवस्थित नेपाली कांग्रेस पार्टीका सभापति गगनकुमार थापा----------१

झापा जिल्ला, मेचिनगर नगरपालिका वडा नं. ५ घर भई हाल ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. २६ हरिसिद्धी वस्ने नेपाली कांग्रेस पार्टीका उपसभापति विश्वप्रकाश शर्मा -----------------------------------------------------------१

तनहुँ जिल्ला, ढोरफिर्दी ३ साविक घर भई हाल काठमाण्डौ जिल्ला टोखा नगरपालिका वस्ने नेपाली काङग्रेस पार्टीका महामन्त्री प्रदिप पौडेल--------------१

**प्रत्यर्थी**

**०८२-FN-०६२७**

शेरबहादुर देउवा------------------------------------------------------------१ **निवेदक**

**विरूद्ध**

गगनकुमार थापा समेत-----------------------------------------------------१ **प्रत्यर्थी**

नेपालको संविधानको धारा ४६ र १३३(२)(३) बमोजिम यस अदालतको असाधारण अधिकार क्षेत्र अन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार छः-

## तथ्य खण्ड

१. नेपाली कांग्रेस पार्टीको विधानको धारा ४३ ले पार्टीका सबै तह र निकायको पदाधिकारीको ४ वर्षे कार्यकाल रहने र असाधारण परिस्थितिमा १ वर्षसम्मको अवधि बढाउन सक्ने प्रावधानसमेतले संविधानको धारा २६९ समेतलाई आत्मसात गरी मिति २०७८ मंसिर २४-२८ गते सम्पन्न भएको पार्टीको चौधौं महाधिवेशनको कार्यकाल मिति २०८२ मंसिरमा सकिएकाले २०८२ मंसिर २९ गते भित्र पार्टीको पन्ध्रौं महाधिवेशन सम्पन्न गर्न सम्भव नभएको कारण देखाइ मिति २०८२।०८।१५ मा नेपाली कांग्रेसको विधान,२०१७ को धारा ४३ बमोजिम पार्टीका सबै तहका केन्द्रीय कार्यसमितिको वैठकले २०८२ माघ मसान्तसम्मको लागि पार्टीका पदाधिकारीको म्याद थप गरिएको थियो । मिति २०८२।९।१८ गते वसेको केन्द्रीय कार्यसम्पादन समितिको वैठकले २०८३ वैशाख २८-३१ गते पन्ध्रौ महाधिवेशन गर्ने निर्णय गरी सोको कार्यतालिका प्रकाशित गरी महाधिवेशन प्रतिनिधिहरु समेत निर्वाचित भइसकेको अवस्था छ।

२. म निवेदक का.वा. सभापति रहेको नेपाली कांग्रेस पार्टीको केन्द्रीय कार्यालयमा दर्ता नं १०१ मिति २०८२।६।२९ मा पार्टीको चौधौं महाधिवेशनबाट निर्वाचित केहि महाधिवेशन प्रतिनिधिहरुले विधानको धारा १७(२) बमोजिम २०८२।८।२१ गतेभित्र नियमित महाधिवेशन नभए विशेष महाधिवेशन बोलाउन माग गर्नुभएको मा केन्द्रीय कार्य समितिको २०८२।८।१५ को सर्वसम्मतिको निर्णयले मिति २०८२।९।२६-२८ केन्द्रीय अधिवेशन हुने गरी नियमित निर्वाचन तालिकासमेत प्रकाशित गरिएकाले विशेष महाधिवेशनको आवश्यकता र औचित्यतासमेत समाप्त भइसकेको कारण विशेष महाधिवेशन वोलाउने प्रतिनिधिहरुको हस्ताक्षर प्रमाणित गर्ने कार्य समेत स्वतःआवश्यक नपरेको स्पष्ट छ।

३. नेपाली कांग्रेसको विशेष महाधिवेशन बोलाउने अधिकार केन्द्रीय समितिलाई मात्र रहे भएको विधानमा प्रष्ट छ। नेपाली कांग्रेसको विधानको धारा ३ को उपधारा १२ मा केन्द्र भन्नाले केन्द्रीय कार्यसमिति र पार्टीको केन्द्रीय कार्यालय बुझाउँदछ भन्ने व्यवस्था प्रष्ट हुँदाहुँदै त्यसको गलत अर्थ लगाई महामन्त्रीद्वयले मिति २०८२/०८/१५ को सर्वसम्मत निर्णयलाई उल्टाई गैरकानूनी रुपमा नियमित महाधिवेशन स्थगन गरी विकल्प विशेष महाधिवेशन भन्दै गलत नियत र सोचबाट मिति २०८२/०९/१७ मा सूचना प्रकाशित गरेको कार्य आँफैमा अवैधानिक भएको प्रष्ट छ। विपक्षी प्रत्यर्थी नं २ का कार्यहरु नेपाली कांग्रेसको विधानको धारा १६, धारा १७(५),

धारा २६, धारा ३५, धारा ४३(२), धारा ४४ समेतको प्रत्यक्ष उल्लघंन भएको अवस्था एकातिर छ भने अर्कोतर्फ उक्त विशेष महाधिवेशन केन्द्रीय कार्यसमितिको निर्णयविना बोलाउन नसकिने विधानको धारा १७ (२) मा रहेको व्यवस्थाको प्रत्यक्ष उल्लङ्घन हुन गएको छ। केन्द्रीय कार्यसमितिले नै वोलाएको अवस्थामा पनि केन्द्रीय कार्यसमितिको निर्णयले बाधा अडकाउ फुकाउने धारा प्रयोग गरी कार्यविधि बनाउन र अनुमोदन गर्न बाँकी नै रहेको अवस्था छ। यस स्थितिमा विशेष महाधिवेशनका लागी समावेदन प्रस्तुत गर्ने वा सोका निमित्त अगुवाई गर्ने पदाधिकारीले केन्द्रीय समितिले नबोलाएको अवस्थामा स्वतः आँफैले उक्त अधिवेशन बोलाई बैधताको दावा गर्ने व्यवस्था विधानमा कहीं कतै छैन। न त त्यसको कुनै अभ्यास नै छ। नेपाली कांग्रेसको विधान, नियमावलीको परिधिभित्र रही विशेष महाधिवेशन नभएकोले कथित अवैधानिक रुपमा विशेष महाधिवेशनका लागि निवेदनकर्ताहरुले हस्ताक्षर गरेको भनीएको प्रतिनिधिहरुको नाम, हस्ताक्षर समेत एकिन नगरेको, हचुवाको भरमा प्रतिनिधिको संख्या बढाई चढ़ाई गरी गणपुरक संख्याभन्दा कम प्रतिनिधि रहेको अवस्थाले निर्वाचनको प्रक्रिया नै अबलम्बन नगरी निर्विरोध पदाधिकारी तथा सदस्यहरुको घोषणा गरी विद्यमान वैध कार्यसमितिलाई प्रतिस्थापन गर्ने प्रयत्न गरिएको रहेछ। सो कार्य प्रारम्भिक नजरमै कानुन तथा विधानसम्मत छैन। पार्टीको नियमित/विशेष महाधिवेशनका प्रतिनिधिले २०८२/०६/२९ मा हस्ताक्षर गर्ने मतदाता भनीएका व्यक्तिले निवेदन गर्दा नियमित/विशेष अधिवेशनका लागी हस्ताक्षर गरेपनि निर्वाचन कार्यतालिका प्रकाशित हुनुपूर्व नै आफ्नो नाम फिर्ता लिनेको संख्या ८८५ भएको, मृत्यु भएका, देश विदेशमा रहे भएका व्यक्तिहरुको समेत हस्ताक्षर गलत रुपमा प्रयोग गरेको देखिएकाले यसैसाथ पेश गरिएको फिर्ता लिएका प्रतिनिधिका नाम, हस्ताक्षर, ठेगाना निजहरुसंग रहे भएका प्रमाण कागजहरु एकिन गरिएमा उक्त नेपाली कांग्रेसको विशेष महाधिवेशन वैध नभएको प्रष्ट हुने नै छ भनी स्वस्फूर्त रुपमा विपक्षी निर्वाचन आयोगलाई जानकारी गराईएको थियो। विपक्षी आयोगबाट विशेष महाधिवेशनमा उपस्थित प्रतिनिधिहरु समेतलाई झिकाइ, बुझी एकिन गरेको भए सो व्यहोरा आँफै प्रमाणित हुने नै थियो।

४. मिति २०८२/०९/२९ मा केन्द्रीय कार्यसमितिको मिति २०८२/०८/१५ र केन्द्रीय कार्यसम्पादन समितिको मिति २०८२/०९/१८ को निर्णय समेतको उल्लङ्घन गरी मिति २०८२/०९/१७ गते महामन्त्री द्वयको हस्ताक्षरबाट नियमित महाधिवेशन स्थगन विकल्प विशेष महाधिवेशन गर्ने सूचना तथा निजहरूले दिएको प्रेस विज्ञप्तिबाट समेत नेपाली कांग्रेसको विधानको ठाडो उल्लङ्घन गरेको प्रष्ट देखिँदा र निजहरूको सूचना प्रेस विज्ञप्ति दिने लगायतका विधान विपरीतका कार्यहरू गर्ने र गराउने देखिएकोले र त्यस्ता गतिविधिमा देहाएका पदाधिकारी

र सदस्यहरु समेत संलग्न रहे भएकोले नेपाली कांग्रेसको विधान २०१७ को धारा ३४ को उपधारा १ को देहाए खण्ड (क) (ख) (ग) (घ) (ङ) बमोजिम त्यस्ता पदाधिकारी र सदस्यलाई अपरझट अनुसन्धानको कारबाही गर्नु परेको हुँदा नेपाली कांग्रेसको विधान २०१७ को धारा ५० को उपधारा ५ मा उल्लेख भए बमोजिमको अवस्था समेतका आधारमा नेपाली कांग्रेसको विधान, २०१७ को धारा २२ को उपधारा २० तथा धारा ३४ को उपधारा ८ को देहाय खण्ड घ, ङ बमोजिम साधारण सदस्य समेत नरहने गरी महामन्त्री गगन कुमार थापा, महामन्त्री विश्वप्रकाश शर्मा तथा सहमहामन्त्री फरमुल्लाह मन्सुरलाई सोही मितिबाट लागू हुने गरी पार्टीबाट निष्काशन गरी सो को अभिलेखीकरण गर्नका लागी कथित महाधिवेशनको निर्वाचन पूर्वनै विपक्षी निर्वाचन आयोगमा पेश गरिएको थियो।

५. प्रत्यर्थी निर्वाचन आयोगका आयुक्त राम प्रसाद भण्डारी र सगुन सम्शेर ज.व.रा ले अवैधानिक समितलाई वैधानिकता प्रदान गर्ने गरी पार्टीबाट अभिलेख अद्यावधिक गरी मिति २०८२/१०/०२/ मा निर्णय गर्नु भएको रहेछ। सार्वजनिक संचारको माध्यमबाट सो कुरा जानकारीमा आएपछि आश्चर्यचकित भई तत्काल सो निर्णयप्रति पार्टीका तर्फबाट असहमति जाहेर गरी प्रतिवाद गर्ने निर्णय भएको व्यहोरा निवेदन गर्दछु। नेपाली कांग्रेसको विधान, २०१७ को धारा २७(१) मा नेपाली कांग्रेसको केन्द्रीय कार्यालय महामन्त्रीको मातहतमा रहने छ र महामन्त्रीले केन्द्रीय कार्यालयको रेखदेख र संचालन गर्नेछन् भन्ने व्यवस्था रहेको देखिंदा केन्द्रीय समितिका जिम्मेवार पदाधिकारी तत्कालीन महामन्त्रीहरुले विधानको धारा २७(२) को वाध्यात्मक जिम्मेवारी पूरा नगरी आव्हान गरेको बिशेष महाधिवेशनलाई अन्यथा भन्न मिल्दैन भनी तत्कालीन महामन्त्रीहरुले मिति २०८२/०९/१७ गते सूचना तथा २०८२/०९/२३ मा आव्हान गरेको बिशेष महाधिवेशनलाई बैधता दिने निर्णय भएको रहेछ पार्टीको विधानको धारा १७(५) र ३(१२) को प्रतिकूल निर्वाचन आयुक्तद्वयको निर्णय नेपालको संविधान, प्रचलित कानून, आयोगको यसपूर्वको अभ्यास र न्यायिक निर्णय समेतको विपरीत रहेको छ।

६. यसरी विपक्षी नं.२ र ३ समेतको उपस्थितीमा मिति २०८२/०९/१८ मा केन्द्रीय कार्यसम्पादन समितिले नियमित महाधिवेशन गर्ने निर्णय गरी निर्वाचन कार्यतालिका प्रकाशित गरी सकेपश्चात् तत्कालीन महामन्त्रीद्वयबाट मिति २०८२ पौष २७-२८ गतेको लागी आव्हान गरेकोमा सो कार्य पार्टीको विधान विपरीत छ। उक्त कार्य २०८२/०९/१८ को केन्द्रीय कार्यसम्पादन समितिको निर्णय समेतको विपरीत भएकाले निज महामन्त्रीद्वयलाई विधान विपरीतको कार्य नगर्नु र विधान विपरीतको उक्त कार्य गरेमा विधान बमोजिम सजाय हुने भनी जानकारी गराईएकोमा सोलाई अनदेखा गरी मिति २०८२ पौष २७-३० सम्म विधान विपरीत भेला वोलाई सो भेलालाई बिशेष

महाधिवेशन नामाकरण गरी नयाँ कार्य समिति चयन गरेको भनी पार्टीमा पदाधिकारी रहेको व्यक्ति आफूसमेत निर्वाचित रहेको भनी सो नयाँ कार्य समितिलाई अद्यावधिकका लागी निर्वाचन आयोगमा निवेदन दर्ता गर्दा नेपाली कांग्रेसको विधानको धारा ३५ मा केन्द्रीय निर्वाचन समितिको गठन कथित विशेष महाधिवेशनले आफैंले कार्यविधि वनाई लागू गर्न नसक्ने प्रष्ट छ। अवैध निर्वाचन समितिले गराएको निर्वाचन वैध हुन नै सक्दैन। प्रत्यर्थी नं. १ ले ऐन, कानून, विधान तथा आफ्नै पूर्व निर्णयसमेत अनदेखा गरी मिति २०८२/१०/०२ मा विपक्षी प्रत्यर्थी नं. २ ले नेतृत्व गरेको भनेको अवैधानिक समितिलाई नेपाली कांग्रेसको आधिकारिकता प्रदान गरेकाले सो निर्णय सच्चाउनका लागी कुनै प्रभावकारी वैकल्पिक उपचारको व्यवस्था नभएको हुँदा नेपालको संविधानको धारा १३३(२)(३) को आधारमा सम्मानित अदालत समक्ष यो रिट निवेदन लिई उपस्थित भएका छौं।

७. विपक्षी निर्वाचन आयोगबाट मिति २०८२/०७/२८ गते गोरखापत्रमा प्रकाशित सूचना अनुसार नेपाली कांग्रेसले अनूसूची १३, नियम १८ को उपनियम २ सँग सम्बन्धित दल दर्ताको निवेदन पनि राजनैतिक दल सम्बन्धी विवरण अन्तर्गत नेपालको संविधानको धारा २७१, राजनैतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४९ बमोजिम नेपाली कांग्रेसको मिति २०८२/०८/०७ मूल दर्ता नं. ९१९ मा नै प्रतिनिधि सभाको उम्मेद्वार र सोही मितिमा राष्ट्रिय सभाको निर्वाचनको प्रयोजनका लागी मूल दर्ता नं. ९१८ मा दर्ता समेत भई दुवै निर्वाचनको लागी नेपाली कांग्रेसबाट आधिकारिक हस्ताक्षरमा पार्टी सभापति श्री शेर बहादुर देउवाको हस्ताक्षर हुने गरी पार्टीबाट निर्णय भई निर्वाचन आयोगमा दर्ता समेत भइसकेको अवस्था छ। साथै, प्रतिनिधि सभाको समानुपातिक निर्वाचन तर्फपनि सोही बमोजिमकै हस्ताक्षर रहेको छ। यस विषयलाई पनि निर्वाचन आयोगले नजर अन्दाज गरी राजनैतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५१ लाई देखाई नेपाली कांग्रेस पार्टीको पदाधिकारी परिवर्तन जस्तो गम्भिर विषयलाई कानूनका मान्य सिद्दान्त विपरीत लोकतान्त्रिक अभ्यासलाई अवरुद्द गरिएको छ। एकै निर्वाचनको समानुपातिक निर्वाचनको प्रयोजनका लागी पार्टी सभापति म शेर बहादुर देउवाको हस्ताक्षर सनाखत भइसकेको अवस्थामा म नै नेपाली कांग्रेसको निर्वाचित सभापति हुँ र अद्यावधिक रुपमा अनवरत सोही हैसियतमा कार्यरत रहेको तथा विधिवत रुपमा अर्को महाधिवेशन सम्पन्न भई नसकेको कारण नेपाली कांग्रेस पार्टीको सभापति म निवेदक शेर बहादुर देउवा मात्र रहेको प्रष्ट हुँदाहुँदै विपक्षी निर्वाचन आयोगको मिति २०८२/१०/०२ को निर्णय कानून विपरीत रहेकोले वदर भागी छ।

८. १४ औं महाधिवेशनका महाधिवेशन प्रतिनिधिबाट निर्वाचित सभापति शेर बहादुर देउवाको पदावधि कायम रहदासम्म अर्को सभापति निर्वाचन गर्ने हक १४ औं महाधिवेशनका प्रतिनिधिलाई

हुँदैन। १४ औं महाधिवेशनका प्रतिनिधिले सभापतिका विरुद्द अविश्वास प्रस्ताव ल्याउने र दुई तिहाई मतले अविश्वास प्रस्ताव पास हुंदा मात्र सभापतिको पद खाली हुन सक्छ। त्यस्तो अवस्थामा मात्र १४ औं महाधिवेशनका प्रतिनिधिले विधानको धारा २६ ( २ ) बमोजिम निर्वाचन गर्ने हक राख्दछन् अन्यथा अर्को सभापति निर्वाचन गर्न विषयसूची विशेष साधारणसभाको बन्नै सक्दैन र मतदान हुने कार्य नेपाली कांग्रेसको विधानसम्मत हुन सक्दैन। १४ औ महाधिवेशन बाट १५ औ महाधिवेशन सम्मका सभापति शेर बहादुर देउवा रहने र स्वाथ्य उपचारको क्रममा नेपाली कांग्रेसको वरिष्ठ उपसभापति भएकोले म निवेदक पूर्ण बहादुर खड्कालाई कार्यवाहक सभापतिको जिम्मेवारी दिईएकोमा सभापतिको पदावधि सम्म कार्यवाहक सभापतिको जिम्मेवारीमा रही नेपाली कांग्रेसको सभापतिको हैसियतले लोकतन्त्रको संरक्षण र प्रवर्द्धन गर्ने मेरो कर्तव्य र दायित्व निर्वाह गर्नबाट वन्चित गरी आएको तथ्यलाई प्रष्ट पार्दै आफ्नो हक अधिकारको संरक्षण गर्न सम्मानित अदालतसमक्ष यो निवेदन गर्न आएको छु।

९. विपक्षी निर्वाचन आयोग प्रमुख आयुक्तविहिन रहेको अवस्था छ। नेपालको संविधानको धारा २४५ मा निर्वाचन आयोगमा प्रमुख निर्वाचन आयुक्तसहित ५ जना पदाधिकारी रहने संबैधानिक व्यवस्था रहेको छ। सो धारा २४५ मा वर्णित आयोगको काम कर्तव्य र अधिकार सामूहिक रुपमा प्रयोग हुने अधिकार हो। निर्वाचन आयोग ऐन, २०७३ को दफा १३ ले गरेको कानूनी प्रावधानमा प्रमुख निर्वाचन आयुक्तबेगर आयोगको विवाद निरुपणको न्यायिक अधिकार प्रयोग हुनसक्ने अवस्था पनि छैन। राजनैतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४३(ग) को विवादमा सोही ऐनको दफा ४४, ४५ र ४६ को कार्यविधिगत प्रकृया अवलम्वन नगरेबाट पनि मिति २०८२/१०/०२ को निर्वाचन आयोगको निर्णय त्रुटिपूर्ण भएकोले वदर योग्य छ। यस सम्बन्धमा ने.का.प. २०२७, अंक १, नि.न. ५५१ मा प्रतिपादित सिद्धान्त समेतबाट स्पष्ट हुन्छ। यसमा विचारणिय तथ्य यो पनि छ की राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५१(१) अन्तर्गत जानकारी दिनुपर्ने व्यवस्था भए अनुसार दलले आफ्नो नाम, विधान, नियम, छाप, झण्डा वा चिन्हमा भएको परिवर्तन वा संशोधन, पदाधिकारीको हेरफेर र आयोगले तोके बमोजिमको अन्य विषयको जानकारी ३० दिनभित्र प्रत्यर्थी निर्वाचन आयोगलाई दिनुपर्ने, ऐ. ऐनको दफा २ को परिभाषा खण्डको (ज) मा 'पदाधिकारी' भन्नाले विधान बमोजिम केन्द्रीय समितिको पदाधिकारी भनी तोकिएको दलको पदाधिकारी सम्झनु पर्छ र सो शव्दले दलको प्रमुख पदाधिकारी समेतलाई जनाउँदछ भनी परिभाषित गरिएको छ। नेपाली कांग्रेसको विधान, २०१७ को धारा ३ मा विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस विधानको धारा ३ को उपधारा ४ मा पदाधिकारी भन्नाले नेपाली कांग्रेसको केन्द्रीय र प्रदेश कार्य समितिका सभापति, उपसभापति,

महामन्त्री, कोषाध्यक्ष र सहमहामन्त्रीलाई बुझाउने छ र सो शव्दले अन्य सबै तहका सभापति, उपसभापति, सचिव, कोषाध्यक्ष र सहसचिव समेतलाई जनाउने छ भनी स्पष्ट व्यवस्था गरेको छ। यस अर्थमा स्पष्टतः पदाधिकारी भन्नाले नेपाली कांग्रेसको पदाधिकारी को को हुने र विधानमै के कुन प्रकृयाले पद खाली हुने भन्ने व्यवस्था छ। यहाँ न कुनै पदाधिकारीको पद रिक्त छ। राजनैतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५१(१) अनुरुप कुनै खास पदाधिकारी रिक्त नभएको अवस्था विद्यमानता छ। निर्वाचन आयोगमा कथित दर्ता नं. १७३२, मिति २०८२/१०/०१ मा दर्ता भएको पत्र स्पष्टत दफा ५१ बमोजिम दलको केन्द्रीय कार्यसमिति परिवर्तनको विवरण अद्यावधिक गरिपाँऊ भनेर पेश भएको पत्रमा दलको विधान र राजनैतिक दल सम्बन्धी ऐन, २०७३ अनुरुप पदाधिकारी मात्र परिवर्तन गर्न पाउने व्यवस्थालाई गलत ढंगले प्रयोग गरी सम्पूर्ण कार्यसमिति नै परिवर्तन भए गरेको उक्त कार्य सम्मानित सर्वोच्च अदालतबाट ने.का.प. मा प्रकाशित नि.नं. ९९५१ र नि.नं. ७५६५ बाट स्थापित सिद्धान्त प्रतिकूल भएकोले कथित विशेष अधिवेशन अवैधभई त्यसबाट गठित भएका सम्पूर्ण केन्द्रीय कार्यसमिति अवैधानिक भई स्वतः वदरभागी छ।

१०. नेपाली कांग्रेसको विधान, २०१७ को परिच्छेद १० अन्तर्गत केन्द्रीय निर्वाचन समिति, केन्द्रीय नीति तथा अनुसन्धान प्रशिक्षण प्रतिष्ठान र विधानको धारा ३५ मा केन्द्रीय निर्वाचन समिति सम्बन्धी व्यवस्था छ। धारा ३५ मा केन्द्रीय निर्वाचन समितिको गठन केन्द्रीय सभापतिको प्रस्तावमा केन्द्रीय कार्यसमितिले मात्र गर्न सक्ने व्यवस्था रहेको छ। उक्त विधानको धारा ३५ को कार्यविधि विपरीत गठन भएको निर्वाचन समिति र उक्त समितिले गरेका काम कारवाही स्वतः अवैधानिक रहेको हुँदा वदरभागी छ।

११. यसैगरी, प्रत्यर्थी नं.२ गगन कुमार थापाले अवैध विशेष महाधिवेशनमा प्रस्तुत गरेको भनीएको नेपाली कांग्रेस विशेष केन्द्रीय महाधिवेशन कार्यविधी, २०८२ को दफा ५ को (घ) मा 'नेपाली कांग्रेसको चौधौ महाधिवेशन २०७८ (मंसिर २४ देखि २८) बाट निर्वाचित मौजुदा केन्द्रीय कार्यसमितिको पदावधि समाप्त भईसकेकोले केन्द्रीय कार्यसमितिको विघटन गर्ने र नेपाली कांग्रेसको १५ औं महाधिवेशन सम्पन्न नहुँदा सम्मको लागी नयाँ केन्द्रीय कार्यसमितिको निर्वाचन' भनी प्रस्ताव पारित गरिएको छ। अब एकातर्फ स्वयम विपक्षी प्रत्यर्थी नं. २ ले चौंधौ महाधिवेशन २०७८ (मंसिर २४ देखि २८) बाट निर्वाचित मौजुदा केन्द्रीय कार्यसमितिको पदावधि समाप्त भईसकेको उल्लेख गर्नु भएको छ। १४ औं महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्यसमितिको म्याद सकिएको भनीएको छ १४ औं महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्यसमितिको म्याद सकिनुभन्दा तीन महिना अगाडि नै १४ औं महाधिवेशनको प्रतिनिधिको

म्याद समाप्त हुने व्यवस्था नेपाली कांग्रेसको विधानमा प्रष्टसँग उल्लेख छ। पार्टीको विधानको धारा ४३ मा पदावधि सम्बन्धी व्यवस्था छ। जसमा 'पार्टीको सबै तह र निकायका पदाधिकारी तथा सदस्यको पदावधि ४ बर्षको हुनेछ। असाधारण स्थिति भएमा केन्द्रीय कार्यसमितिले सो को कारण खोली बढीमा १ बर्षसम्मको अवधी बढाउन सक्नेछ' भन्ने व्यवस्था छ। उक्त व्यवस्थालाई मनन गर्दा पार्टीको मिति २०८२/०८/१५ र २०८२/०९/१८ को बैठकबाट २०८३ जेठ मसान्तसम्मको लागी विधान अनुरुप म्याद थप गरिसकेको कारणले १४ औं महाधिवेशनका प्रतिनिधिको पदावधि रहने तर केन्द्रीय कार्यसमितिको पदावधि सकिएको अर्थ गर्न सर्वथा मिल्दैन हुँदैन। अतः विपक्षीले बनाएको कथित कार्यविधिमा निर्वाचित केन्द्रीय कार्यसमितिको पदावधि समाप्त भईसकेको हो भने महाधिवेशन प्रतिनिधिको पदावधि चाँही कसरी कायम रहन सक्दछ। यदि सबै तहको पदावधि समाप्त भईसकेको भए नेपाली कांग्रेसको विधान बमोजिम वडा तहको अधिवेशन सम्पन्न गर्दै तहतह अधिवेशनमार्फत केन्द्रीय कार्यसमितिको अधिवेशन सम्पन्न हुनु पर्दथ्यो। यसरी आफू अनुकुल विधानको व्याख्या गरी आफूखुसी महाधिवेशन प्रतिनिधिको पदावधि बाँकी रहेको भनी केन्द्रीय कार्यसमितिको मात्र निर्वाचन मात्र सम्पन्न गरिएको भन्ने कार्य आँफैमा अवैध भएकोले वदरभागी छ।

१२. नेपाली कांग्रेसको विधानले केन्द्रीय सभापतिलाई पदबाट हटाउन तत्काल कायम रहेका महाधिवेशन प्रतिनिधिहरूको सङ्ख्याको दुई तिहाईको बहुमतले मात्र सक्ने व्यवस्था छ। त्यस्तै पदाधिकारीलाई अनुशासनको कारबाहीबाट हटाउन बाहेक ६० प्रतिशत बहुमतबाट हटाउन सक्ने व्यवस्था छ। सभापति र पदाधिकारीलाई प्रदान गरिएको संरक्षणबाट विमुख गर्न कसैले पनि सक्दैन। विपक्षी नम्बर १ बाट मिति २०८२/१०/०२ मा निर्णय हुँदा नेपाली कांग्रेसको विधानको आत्मरती व्याख्या गरिएको छ। विधानमा भएको अविश्वासको प्रस्ताव, प्रत्यक्ष र केन्द्रीय महाधिवेशन प्रतिनिधि कार्यसमितिको पदावधि, नियमावली बनाउने अधिकारको व्याख्या गर्दा पहिले नै म्याच फिक्सिङ जस्तो गरेको जस्तो देखिन्छ। नेपाली कांग्रेसको ठूलो पंक्तिलाई निर्वाचनबाट बाहिर राख्ने प्रपञ्चको मतियारको रुपमा विपक्षी नम्बर १ को कार्य आँफैमा संविधानले राजनैतिक पार्टी खोल्न सञ्चालन गर्न र निर्वाचन मा सहभागी हुन संविधानले दिएको हक र अधिकारलाई कुण्ठित गर्ने सर्तबाट अभिप्रेरित छ। यस्ता गैरकानुनी निर्णय बदर गरी न्याय पाउँ।

१३. तसर्थ, माथिका विभिन्न प्रकरणहरुमा उल्लेख भए बमोजिम विपक्षीहरुको काम कारवाही तथा निर्णयहरुबाट निवेदकको संबैधानिक तथा कानूनी हक अधिकार हनन भएको हुँदा सो निर्णय तथा काम कारवाही त्रुटिपुर्ण समेत भएको हुँदा नेपाली कांग्रेसका तत्कालीन महामन्त्रीले मिति

२०८२/०९/१७ मा प्रकाशित सूचना बमोजिम मिति २०८२/०९/२३ मा प्रकाशित विशेष महाधिवेशन सम्बन्धी सूचना तथा कार्यतालिका प्रकाशित गरेको बिशेष महाधिवेशन नेपाली कांग्रेसको विधानको धारा ३(१२) १७(२), २७(१) समेतको विपरीत भएकोले मिति २०८२/०९/१७ को सूचनापत्रमा आधारित निर्णय, कामकारवाही, कार्यसमिति गठन आधिकारिकता प्रदान लगायत सम्पूर्ण निर्णय तथा काम कारवाही समेत वदरभागी भएकोले उत्प्रेषणको आदेशले वदर गरि, राजनैतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४४ मा दफा ४३ बमोजिमको विवादको निरुपण गर्दा केन्द्रीय समितिको निर्णयको आधिकारिकता दावी गर्ने पक्षले दलको केन्द्रीय समितिको ४० प्रतिशत सदस्यको हस्ताक्षर पेश गर्नु पर्नेछ भन्ने कानूनी प्रावधान बमोजिम ४० प्रतिशत भन्दा बढी केन्द्रीय सदस्यको हस्ताक्षर पेश गरिसकेको, नेपाली कांग्रेसको विधानको गलत व्याख्या गरी निर्णय भएको, मिति २०८३ बैशाख २८-३१ सम्म नियमित महाधिवेशनको कार्यतालिका प्रकाशित भईसकेको, सो बमोजिम कार्यहरु अगाडि बढिरहेको अवस्थामा बुझ्नुपर्ने प्रमाण नबुझी अवैधानिक समितिलाई आधिकारिक हो भनी निर्वाचन आयोगले मिति २०८२/१०/०२ मा गरेको निर्णय गैर संबैधानिक एवं गैरकानूनी भएकोले सो निर्णयलाई उत्प्रेषणको आदेशले वदर गरी हाल कायम रहेको का.वा. सभापति पूर्ण बहादुर खड्काको नेतृत्वमा रहेको नेपाली कांग्रेसको समितिलाई यथावत काम कारवाही गर्न दिनु भनी विपक्षीका नाममा परमादेशको आदेश समेत जारी गरी पाँउ। साथै, प्रत्यर्थी नं. २ को कथित कार्यसमितिलाई कार्य गर्न नदिनु भनी प्रतिषेधको आदेशसमेत जारी गरी पाँऊ। प्रस्तुत निवेदनको अन्तिम किनारा नभएसम्म निर्वाचन आयोगको मिति २०८२/१०/०२ को निर्णय कार्यान्वयन भएमा देशको सबैभन्दा पुरानो लोकतान्त्रिक पार्टीले निर्वाचनमा मिति २०८२/१०/०६ मा हुने उम्मेद्वार मनोनयनमा भाग लिन नपाई लोकतन्त्र माथि नै अपूर्ण क्षति भई निर्वाचनको वैधतामा समेत प्रश्न चिन्ह खडा हुने भएको हुँदा निर्वाचन आयोगको मिति २०८२/१०/०२ निर्णय कार्यान्वयन नगर्नु, नगराउनु साथै मिति २०८२/१०/०६ मा उम्मेद्वार मनोनयनको कार्य समेत रोकी अर्को मिति घोषणा गर्नु, कथंकदाचित उम्मेद्वारी नै दर्ता भईसकेको भए हाललाई निर्वाचन सम्बन्धी कार्य अघि नबढाउनु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम अन्तरिम आदेश समेत जारी गरी पाँऊ भन्नेसमेत बेहोराको शेरबहादुर देउवा र पूर्णबहादुर खड्काको तर्फबाट यस अदालतमा परेको निवेदन।

१४. यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुनु नपर्ने कानूनबमोजिमको आधार कारण भए सो समेत साथै राखी यो आदेश प्राप्त भएको मितिले बाटाको म्याद बाहेक १५ दिनभित्र विपक्षी नं.१ को हकमा महान्यायाधिवक्ताको

कार्यालयमार्फत र अन्य विपक्षीहरूको हकमा आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ पेस गर्नु भनी विपक्षीहरूका नाममा यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरूको नाममा सूचना म्याद जारी गरी लिखित जवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि नियमानुसार गरी पेस गर्नु।

१५. यसमा निवेदकले विपक्षी निर्वाचन आयोगबाट मिति २०८२।१०।०२ मा भएको निर्णय कार्यान्वयन नगर्नु नगराउनु तथा मिति २०८२।१०।०६ को उम्मेदबार मनोनयन दर्ता प्रकृया रोकी अर्को मिति घोषणा गर्नु, कथंकदाचित उम्मेदवारी नै मनोनयन दर्ता भईसकेको भए हाल निर्वाचन सम्बन्धी कुनै पनि काम कारवाही अघि नबढाउनु भन्ने सम्बन्धमा अन्तरिम आदेश माग गरेतर्फ विचार गर्दा निम्न संवैधानिक तथा कानूनी प्रश्नहरूको निरूपण गर्नुपर्ने देखियो।

(क) नेपाली कांग्रेसको विधानको धारा १७(२) बमोजिम ४० प्रतिशत महाधिवेशन प्रतिनिधिहरूले माग गरे बमोजिमको विशेष महाधिवेशन, दलको केन्द्रीय कार्यसमितिले ३ महिना भित्र बोलाउनु पर्नेमा सो बमोजिम नबोलाएको कारणले विधानको धारा २७को प्रयोग गरी महामन्त्रीहरूले बोलाएको विशेष महाधिवेशन विधान सम्मत भई सोले राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५१ बमोजिमको वैधानिकता प्राप्त गर्न सक्ने हो होईन?

(ख) पार्टीको महामन्त्रीले विशेष महाधिवेशन वोलाउने प्रकृयामा वैधानिकताको प्रश्न भए तापनि सोही प्रकृयाबाट सम्पन्न भइसकेको विशेष महाधिवेशनले गरेका निर्णयहरू राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५१ बमोजिम अद्यावधिक गर्न मिल्ने नमिल्ने के हो?

(ग) यी निवेदकहरू समेतको ४ वर्षे कार्यकाल सम्पन्न भई, पार्टीको विधानको धारा ४३ अन्तर्गत विशेष कारणवस कार्यकाल थप भएका यी निवेदकहरूलाई मिति २०७८।०८।२८ मा निर्वाचित गर्ने महाधिवेशन प्रतिनिधिहरूकै बहुमतको निर्णयलाई यी निवेदकहरू स्वयंले चुनौती दिन मिल्ने भई आयोगको निर्णय विरूद्ध आदेश जारी हुनसक्ने हो, होईन?

(घ) राजनीतिक दलसम्बन्धी ऐन, २०७३ बमोजिम राजनीतिक दलहरूको विवाद सम्बन्धमा निर्वाचन आयोगको निर्णय उपर पुनरावेदन लाग्ने व्यवस्थाको अभावमा यस अदालतको असाधारण अधिकारक्षेत्र अन्तर्गत पर्न आएको प्रस्तुत निवेदनमार्फत विपक्षी आयोगले राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५१(१)(२) को प्रकृया बमोजिम गरेको निर्णयको तथ्यगत प्रश्नमा प्रवेश गरी माग बमोजिमको आदेश जारी हुनसक्ने हो, होईन?

(ङ) कुनै एक राजनीतिक दल (नेपाली कांग्रेस)को पदाधिकारिको आधिकारिकताको विवादका कारणले प्रतिनिधि सभाको निर्वाचनका लागि प्रारम्भ भई सकेको निर्वाचनसम्बन्धी प्रकृयाहरू रोकनका लागि आदेश जारी गर्न मिल्ने हो, होईन?

१६.	नेपालको संविधानको धारा २६९ को उपधारा ४(क) को व्यवस्थाले निर्दिष्ट गरेको मार्ग निर्देशन समेतलाई मध्यनजर गरी विपक्षी आयोगले राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४८ र दफा ५१ मा भएका कानूनी व्यवस्थाहरूको आलोकमा गरेका निर्णयहरूलाई यस अदालतले आफ्नो असाधारण अधिकारक्षेत्रको प्रयोगमार्फत के, कुन हदसम्म हस्तक्षेप गर्न मिल्ने हो? भन्ने जस्ता जटिल राजनीति सम्बद्ध संवैधानिक (Politico-constitutional) प्रश्नहरूको निरूपण प्रस्तुत रिट निवेदनको अन्तिम सुनुवाई हुँदाका बखत सम्बोधन हुने प्रकृतिको देखिँदा हाल माग बमोजिमको अन्तरिम आदेश जारी गरिरहनु परेन। तर प्रस्तुत रिट निवेदनमा जटिल एवं गम्भीर कानूनी तथा संवैधानिक प्रश्नहरू उठाईएको पाईदा यी प्रश्नहरूको छिटो निरोपण हुन आवश्यक देखिँदा विपक्षीहरूको लिखित जवाफ परेको वा अवधि व्यतित भएको मितिले १५ दिनभित्र प्रस्तुत निवेदनलाई अन्तिम सुनुवाईको लागि सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३(१) बमोजिम अग्राधिकार प्रदान गरी नियामनुसार पेस गर्नू भन्ने बेहोराको यस अदालतबाट मिति २०८२।१०।०६ मा भएको आदेश।

१७.	राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ५१ तथा राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को नियम २५ बमोजिम आयोगले अद्यावधिकका लागि पेस भएका विवरण जाँचबुझ गर्न सक्ने र जाँचबुझ गर्दा त्यस्तो परिवर्तन संशोधन हेरफेर नेपालको संविधान, ऐन, नियमावली तथा दलको विधानबमोजिम भएको गरेको देखिएमा आयोगले कानूनको अधिनमा रही दलको विवरण अद्यावधिक गर्दै आएको छ।

१८.	नेपाली काँग्रेसको मिति २०८२।१०।०१ को पत्रबाट संवत् २०८२ पौष २७ देखि ३० मा भएको केन्द्रीय विशेष महाधिवेशनबाट दलको विवरण हेरफेर भएकोले विवरण अद्यावधिक गर्नको लागि १३४ सदस्यीय विशेष केन्द्रीय महाधिवेशनबाट निर्वाचित भएको केन्द्रीय कार्य समितिको विवरण प्रमुख पदाधिकारी गगनकुमार थापाले हस्ताक्षर गरी अद्यावधिकका लागि पठाएको देखिन्छ। नेपाली काँग्रेसको च.नं.१२६ मिति २०८२ मंसिर २१ को पत्रबाट १४ औं महाधिवेशन २०७८ मंसिर २४ देखि २८ गतेसम्म काठमाडौंमा सम्पन्न भएको र पार्टीको विधानअनुसार पार्टीका सबै तहका पदाधिकारी र सदस्यहरूको अवधि २०८२ मंसिर २३ गतेसम्म कायम रहेको र देशमा विकसित पछिल्लो राजनीतिक घटनाक्रमका कारण २०८२ मंसिर २३ गतेभित्र पार्टीको १५औं महाधिवेशन गर्न सम्भव नभएकोले पार्टीका सबै तहका पदाधिकारी र सदस्यहरूको पदावधि २०८२ माघ मसान्तसम्मका लागि थप गर्ने र केन्द्रीय महाधिवेशन २०८२ पौष २६ देखि २८ सम्म काठमाडौंमा गर्ने भनी लेखी आएको देखिन्छ। साथै नेपाली काँग्रेसको च.नं.१५९ मिति २०८२ पौष २१ को पत्रबाट १५औं महाधिवेशनको

सबै प्रक्रिया अघि बढिरहेको र निर्वाचनमा केन्द्रीत हुनुपर्ने विशेष परिस्थितिमा केन्द्रीय कार्यसम्पादन समितिको बैठकले पार्टीका सबै तहका पदाधिकारी र सदस्यहरूको पदावधि २०८३ जेष्ठ मसान्तसम्म थप गर्ने र केन्द्रीय महाधिवेशन २०८३ वैशाख २८ देखि ३१ सम्म काठमाडौंमा गर्ने भनी लेखी आएको देखिन्छ।

१९. त्यसैगरी मिति २०८२ पौष २३ मा विशेष परिस्थितिमा विधानको धारा १७ को उपधारा (२) बमोजिम विशेष महाधिवेशन आव्हान गर्न २४८८ जना अर्थात् ५४ दशमलव ५८ प्रतिशत महाधिवेशन प्रतिनिधिहरूले विशेष कारणसहित निवेदन दर्ता गरेको अवस्थामा त्यसको ३ महिनाभित्र विशेष महाधिवेशन सम्पन्न गर्नु केन्द्रको कार्यसम्पादन र जिम्मेवारीको विषय भएको र केन्द्रीय कार्य समितिले सो विशेष महाधिवेशन नबोलाएको हुँदा एउटा लोकतान्त्रिक पार्टीको जिम्मेवार पदाधिकारीको रूपमा हाम्रो वैधानिक र नैतिक दायित्व भएकोले मिति २०८२ पौष २६, २७ र २८ गते काठमाडौंको भृकुटीमण्डपमा हुन गईरहेको विशेष महाधिवेशनमा सहभागी भई व्यवस्थित रूपमा सम्पन्न गर्न सम्पूर्ण महाधिवेशन प्रतिनिधिलाई हार्दिक आव्हान गर्दछौं भन्ने समेतको व्यहोराको महामन्त्रीद्धय गगनकुमार थापा र विश्वप्रकाश शर्माबाट हस्ताक्षर गरी विशेष केन्द्रीय महाधिवेशनको आव्हान भएको र मिति २०८२ पुष २९ गते नेपाली काँग्रेसको विशेष केन्द्रीय महाधिवेशनको सम्बन्धमा नेपाली काँग्रेसको विधानको धारा १७ को उपधारा (२) बमोजिम बोलाइएको विशेष महाधिवेशन जारी रहेको र विशेष केन्द्रीय महाधिवेशनको बन्दसत्रमा नयाँ कार्यसमितिको निर्वाचनको कारबाही र विधान संशोधन प्रस्ताव विचाराधीन रहेको भनी यस आयोगमा दर्ता भएको (दर्ता नं.१६३३) को निवेदनबाट खुल्न आएको, त्यस्तै नेपाली काँग्रेसको च.न.१६३ को पत्रबाट नेपाली काँग्रेसको नाममा काठमाडौमा विशेष महाधिवेशन भएको भनी विभिन्न सञ्चारमाध्यममा आएकोले पौष २६ देखि २८ सम्म त्यस्तो कार्यक्रम नेपाली काँग्रेस केन्द्रीय कार्यसमितिको औपचारिक कार्यक्रम नभएको नगरेको भनी लेखी आएको देखिन्छ। यसरी विशेष महाधिवेशन भईरहेको बारे पूर्ववत जानकारी रहेको कुरालाई विपक्षी रिट निवेदकले अन्यथा भन्न सक्ने अवस्था नरहेको र कार्यबाहक सभापतिलाई विशेष महाधिवेशन माग गरी हस्ताक्षर सहित मिति २०८२।०६।२९ मा निवेदन दर्ताभएको स्थितिमा नेपाली काँग्रेसको विधान, २०१७ को धारा १७ को उपधारा (२) बमोजिम तीन महिनाभित्र विशेष महाधिवेशन गर्नु पर्नेमा नगरेको र पछिल्लो पटक संवत् २०८३ वैशाख २८ देखि ३१ सम्म महाधिवेशन तोकिएको भन्ने आधारमा विशेष महाधिवेशनको माग निष्क्रिय भएको भनी विश्वास गर्न नसक्नुका अतिरिक्त विधानतः विशेष महाधिवेशनको माग भइसकेको अवस्थामा उक्त मागलाई वेवास्ता गर्ने अधिकार केन्द्रीय कार्यसमितिलाई प्राप्त हुने पनि देखिँदैन।

२०. उल्लिखित तथ्य एवं कानूनी व्यवस्था एवम आयोगलाई प्राप्त कागजात अध्ययन तथा जाँचबुझ गरी हेर्दा नेपाली काँग्रेस नामक राजनीतिक दलको संवत् २०८२ साल पौष २७ देखि ३० गतेसम्म विशेष केन्द्रीय महाधिवेशन भएको हो होईन? विशेष केन्द्रीय महाधिवेशन दलको विधान सम्मत छ छैन? र विशेष केन्द्रीय महाधिवेशनबाट दलको केन्द्रीय कार्य समितिमा भएको परिवर्तनको विवरण राजनीतिक दल सम्बन्धी ऐन २०७३ को दफा ५१ बमोजिम अद्यावधिक गर्नुपर्ने हो होईन? भन्ने विषयमा अध्ययन गर्दा नेपाली काँग्रेस नामक राजनीतिक दलको १४ औं महाधिवेशन २०७८ मंसिर २४ देखि २८ गतेसम्म काठमाडौंमा सम्पन्न भएको र उक्त पार्टीको विधान अनुसार पार्टीका सबै तहका पदाधिकारी र सदस्यहरूको चारवर्षे अवधि २०८२ मंसिर २३ गतेसम्म मात्र कायम रहेको देखिन्छ। विधानको धारा ४३ बमोजिम असाधारणस्थिति देखाउँदै पहिलोपटक २०८२ माघ मसान्तसम्म र दोस्रोपटक २०८३ जेष्ठ मसान्तसम्म दलको सबै तहका समितिको पदाधिकारी एवम् सदस्यहरूको पदावधि थप गरेको पाईयो। कस्तो अवस्थालाई असाधारणस्थिति मान्ने भन्ने सम्बन्धमा दलको विधानमा कहींकतै परिभाषीत गरेको देखिँदैन। विधानको धारा १७ को उपधारा (२) मा केन्द्रीय महाधिवेशनका चालीसप्रतिशत सदस्यहरूले केन्द्रीय महाधिवेशनको बैठक बोलाउन विशेष कारण खुलाई केन्द्रसमक्ष लिखित अनुरोध गरेमा निवेदन परेको ३ महिना भित्रमा विशेष केन्द्रीय महाधिवेशन बोलाउनुपर्नेछ भन्ने व्यवस्था बमोजिम केन्द्रीय महाधिवेशन प्रतिनिधि गुरूराज घिमिरे सहितका चालीस प्रतिशतभन्दा बढी सदस्यहरूले विशेष केन्द्रीय महाधिवेशन बोलाउन आधार र कारण सहित निवेदन दिएको देखियो। केन्द्रीय कार्य समितिले सो विशेष महाधिवेशन नवोलाएको अबस्थामा केन्द्रीय समितिका जिम्मेवार पदाधिकारीहरू महामन्त्रीद्धयले मिति २०८२ पौष २३ मा संवत् २०८२ पौष २७ र २८ मा विशेष महाधिवेशन आव्हान गरेको पाईयो। विधानको धारा २७ को उपधारा (१) मा नेपाली काँग्रेसको केन्द्रीय कार्यालय महामन्त्रीको मातहत रहनेछ र महामन्त्रीले केन्द्रीय कार्यालयको रेखदेख र सञ्चालन गर्नेछ भन्ने व्यवस्था रहेको देखिँदा केन्द्रीय समितिका जिम्मेवार पदाधिकारी महामन्त्रीहरूले आव्हान गरेको विशेष महाधिवेशनलाई अन्यथा भन्न मिल्ने देखिँदैन। नेपाली काँग्रेसको विधान अनुरूप महाधिवेशन सर्वोच्च निकाय भएकोले बहुसंख्यक महाधिवेशन प्रतिनिधिहरूले विशेष महाधिवेशन आव्हान गरी विधिसम्मत तवरबाट केन्द्रीय कार्यकारिणी समितिको नेतृत्व छनोट गरी साधिकार निकायमा अद्यावधिकका लागि पठाएको विषय नेपालको संविधान, राजनितिक दल सम्बन्धी ऐन, २०७३, राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ र दलको विधानसम्मत भएगरेको देखिन्छ। ऐ. ऐनको दफा ५१ बमोजिम अद्यावधिकको लागि पेस हुन आएको निवेदनको सन्दर्भमा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४३ र ४४

बमोजिमको विवादको निरूपण र विवाद निरूपण सम्बन्धी कार्यविधि अन्तर्गतको प्रस्तुत विषयवस्तु रहे भएको अवस्था पनि देखिँदैन।

२१. अतः माथि उल्लेखित तथ्य कानून फाईलसंलग्न कागजातको अध्यन गरी जाँचबुझ गरी हेर्दा नेपाली काँग्रेसको मिति २०८२।१०।१ गतेको पत्रबाट संवत् २०८२ पौष २७ देखि ३० सम्म भएको केन्द्रीय विशेष महाधिवेशनबाट दलको विवरण हेरफेर गरी अद्यावधिक गर्नको लागि विशेष केन्द्रीय महाधिवेशनबाट विधान बमोजिम निर्वाचित भएको १३४ सदस्यीय केन्द्रीय कार्यसमितिको विवरण राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५१ तथा राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ नियम २५ बमोजिम अद्याबधिक गर्ने र निर्णयको जानकारी सम्बन्धित दललाई दिने भनी आयोगबाट निर्णय भएको छ। यसरी नेपालको संविधान र प्रचलित कानून बमोजिम आयोगलाई प्राप्त कागजातका आधारमा भएको निर्णयलाई अन्यथा भन्न मिल्ने देखिँदैन तसर्थ प्रस्तुत रिट खारेज भागी छ खारेज गरी पाउँ भन्नेसमेत बेहोराको निर्वाचन आयोग, नेपालको तर्फबाट ऐ.का सचिव कृष्णबहादुर राउतको लिखित जवाफ।

२२. विपक्षीले सम्मानित अदालतसमक्ष दायर गर्नुभएको रिट निवेदनमा विपक्षीको नेपालको संविधानको भाग-३ मा उल्लेखित कुन मौलिक हकमा, के कारणले र कसरी बन्देज लागेको हो भन्ने कुरा उल्लेख गर्नुभएको छैन। नेपाली कांग्रेस पार्टीको विधानको धारा १७(२) ले स्पष्टसाथ ४० प्रतिशत महाधिवेशन प्रतिनिधिहरुले विशेष महाधिवेशनका लागि केन्द्र समक्ष लिखित अनुरोध गरेमा निवेदन परेको तीन महिनाभित्र विशेष केन्द्रीय महाधिवेशन बोलाउनु पर्नेछ।" भनी व्यवस्था गरेको छ। नेपाली कांग्रेस पार्टीका २४८८ जना (५४.५८ प्रतिशत) महाधिवेशन प्रतिनिधिहरूले मिति २०८२।६।२९ गते नेपाली काँग्रेस पार्टीको केन्द्रीय कार्यालय, सानेपामा "बदलिदो राजनीतिक परिस्थितिमा नेपाली काँग्रेसलाई सुदृढ बनाई जनभावना अनुरूपको नीति निर्माण गर्न र नयाँ उर्जा सहितको नेतृत्व मार्फत पार्टीको समग्र पुन निर्माणका लागि विशेष निर्णय लिनु अपरिहार्य रहेको" भन्ने समेत विशेष कारणसहित विशेष केन्द्रीय महाधिवेशन माग गरी निवेदन दर्ता (दर्ता नं. १०१) गरे बमोजिम मिति २०८२ साल पौष २९ गते तीन महिना पुग्ने भएकोले, निवेदन परेको तीन महिनाभित्र विशेष केन्द्रीय महाधिवेशन बोलाउनु विधानतः वाध्यात्मक व्यवस्था रहे भएकोले विधान धारा १७ (२) मा उल्लेखित तिन महिनाको समयावधिभित्र केन्द्रीय कार्यसमिति स्वयमले बाध्यकारी रूपबाट विशेष केन्द्रीय महाधिवेशन आह्वान गर्नुपर्ने थियो। विधानले महाधिवेशन नै पार्टीको सर्वोच्च निकाय मानेको अवस्थामा विशेष केन्द्रीय महाधिवेशन नगर्ने वा नहुने परिकल्पना विधानले नगरेको, विधानतः महाधिवेशन प्रतिनिधिहरूको विशेष महाधिवेशन वैधानिक अधिकार भएकोले तीन महिनाभित्र विशेष केन्द्रीय

महाधिवेशन सम्पन्न गर्नु केन्द्रको वैधानिक जिम्मेवारी रहेको तथा केन्द्रीय कार्यसमिति र तत्कालीन सभापति तथा का.वा. सभापतिले आफ्नो कर्तव्य र जिम्मेवारी पुरा नगरेकोले, केन्द्रीय कार्यसमितिको त्यतिकै जिम्मेवार पदाधिकारीले आफ्नो जिम्मेवारी पूरा नगर्नु विधान र प्रचलित कानूनको समेत उल्लङ्घन भएको ठहरिने हुँदा सो कर्तव्यबोध सहित विधानको बाध्यकारी व्यवस्थालाई पालना गर्न महाधिवेशन प्रतिनिधिहरूको तर्फबाट पौष २७ र २८ का लागि तय गरिएको विशेष केन्द्रीय महाधिवेशन कानूनी र राजनीतिक रूपमा समेत अपरिहार्य र वाध्यकारी रहेकोले विधानको धारा ३ (१२) र धारा २७ (१) को व्यवस्थालाई समेत अंगिकार गरी केन्द्रको तर्फबाट हामी तत्कालीन महामन्त्री गगन कुमार थापा र विश्वप्रकाश शर्माबाट विशेष केन्द्रीय महाधिवेशनमा सहभागिताको आह्वान भएको हो। नेपाली कांग्रेसको विधान बमोजिम वाध्यकारी रहेको विशेष केन्द्रीय महाधिवेशन नबोलाउने, विधानको पालना नगर्नु अर्थात् विधानत तोकिएको जिम्मेवारी बमोजिम काम नगर्नु नेपालको संविधान, राजनीतिक दल सम्बन्धी ऐन, २०७३ समेत विपरीत हुन हुँदा नेपाली कांग्रेस पार्टीको विधानको बाध्यकारी व्यवस्थालाई पालना गर्न विधानले नै दिएको अधिकार प्रयोग गरी आह्वान गरिएको विधान सम्मत विशेष केन्द्रीय महाधिवेशनलाई अन्यथा भनी दायर भएको रिट खारेज योग्य छ।

२३. विपक्षी रिट निवेदकले केन्द्रीय कार्यसमितिले निर्णय गरेर मात्र विशेष केन्द्रीय महाधिवेशन आह्वान हुन सक्ने, केन्द्रीय समितिले मात्र कार्यविधि बनाउन सक्ने र नेपाली कांग्रेस पार्टीको सर्वोच्च निकाय केन्द्रीय कार्यसमिति हो भन्ने मनोभावना सहितका जिकिर रिट निवेदनमा लिनु भएको रहेछ। नेपाली कांग्रेसको विधान, २०१७ को धारा १७(२) मा रहेको "केन्द्रीय कार्य समितिले आवश्यक ठानेमा वा केन्द्रीय महाधिवेशनका चालिस प्रतिशत सदस्यहरूले केन्द्रीय महाधिवेशनको बैठक बोलाउन विशेष कारण खुलाई केन्द्र समक्ष लिखित अनुरोध गरेमा निवेदन परेको तीन महिनाभित्रमा विशेष केन्द्रीय महाधिवेशन बोलाउनु पर्नेछ"। भन्ने व्यबस्थाले विशेष महाधिवेशन बोलाउने दुईवटा प्रबन्ध गरेको छ, पहिलो केन्द्रीय कार्यसमितिले आवश्यक ठानेमा र दोस्रो, चालिस प्रतिशत महाधिवेशन प्रतिनिधिले विशेष कारण खुलाई लिखित अनुरोध गरेमा विशेष महाधिवेशन बोलाउनुपर्नेछ। यस अवस्थामा तीन महिनाभित्र केन्द्रले नै बोलाउनुपर्नेमा मिति २०८२।९।१८ मा पार्टीको कार्य सम्पादन समितिको बैठकले विशेष केन्द्रीय महाधिवेशनको औचित्य समाप्त भईसकेको निर्णय गरी महाधिवेशन प्रतिनिधिको विशेष अधिकारलाई कार्यसम्पादन समितिको बैठकले संकुचित गरेपश्चात् विशेष केन्द्रीय महाधिवेशन मागकर्ता महाधिवेशन प्रतिनिधिहरूको माग बमोजिम विशेष केन्द्रीय महाधिवेशन आह्वान गर्नु निर्विकल्प बन्न पुगेको हो। नेपाली कांग्रेस पार्टीको विधानको धारा १५ ले केन्द्रीय महाधिवेशन पार्टीको सर्वोच्च

अधिकार सम्पन्न निकाय हुने व्यवस्था गरेको छ। विधानतः केन्द्रीय कार्यसमिति पार्टीको सर्वोच्च निकाय नभइ महाधिवेशनबाट अधिकार प्रत्यायोजित कार्यकारी समिति हो। सर्वोच्च निकायलाई आफ्नो कार्यविधि आफैं तय गर्ने अधिकार रहने र विधानको धारा १६ ले केन्द्रीय महाधिवेशनले पार्टीको केन्द्रीय सभापति तथा केन्द्रीय कार्यसमितिको निर्वाचन गर्ने, पार्टीको नीति निर्धारण गर्ने काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था गरेको छ। विधानले केन्द्रीय महाधिवेशनलाई सर्वोच्च निकायको रूपमा स्थापित गरेको अवस्थामा पार्टीको सर्वोच्च निकायले बदलिएको समय अनुसार पार्टी चलायमान बनाउन नयाँ नीति तय गरी, पार्टीको १४ औं महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्यसमितिलाई विघटन गरी नयाँ सभापति तथा केन्द्रीय कार्यसमितिको निर्वाचन गर्न सक्दछ र सो निर्णयहरू विधानसम्मत वैध रहेका छन्। साथै पार्टीको सर्वोच्च निकायको रूपमा रहेको विशेष केन्द्रीय महाधिवेशनले आवश्यकता अनुसार विधानमा परिमार्जन, नियामवली तथा कार्यविधिको निर्माण गरी पारित समेत सक्दछ। यसरी विधानको मर्म अनुसार भए गरेका कार्यलाई अवैधानिक भन्ने जिकिर लिई दायर भएको रिट खारेज योग्य छ।

२४. नेपाली कांग्रेसको विधानको धारा १५ ले केन्द्रीय महाधिवेशनलाई पार्टीको सर्वोच्च अधिकार सम्पन्न निकायको रूप स्थापित गरेको र विधानको धारा ४६ ले पार्टीको सबै निकायको बैठकको लागि पचास प्रतिशतभन्दा बढी सदस्यको उपस्थितिलाई गणपुरक संख्या मानेको छ। साथै, विधानको धारा १६ ले केन्द्रीय महाधिवेशनलाई केन्द्रीय सभापति, केन्द्रीय पदाधिकारी र केन्द्रीय सदस्यको निर्वाचन र पार्टी संगठन सम्बन्धी आवश्यक नीतिगत निर्णय गर्ने अधिकार प्रदान गरेको छ। विधानको उल्लेखित धाराहरूलाई अध्ययन गर्दा वैधानिक महाधिवेशनको बैठक अर्थात पचास प्रतिशत भन्दा बढि महाधिवेशन प्रतिनिधि उपस्थित भएको महाधिवेशनले पार्टीको संगठनलाई सुदृढ बनाउने उद्देश्यले मौजुदा कार्यसमितिको विघटन गरी नयाँ केन्द्रीय कार्यसमितिको निर्वाचनको निर्णय गर्न सक्ने देखिन्छ। यसरी विधान बमोजिम वैधानिक तवरले बसेको विशेष केन्द्रीय महाधिवेशनले विधानमा उल्लेख भएको अधिकार प्रयोग गरी गरेको निर्णयलाई अवैधानिक भनी दायर गरेको रिट निवेदन खारेज योग्य छ।

२५. राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५१ ले गरेको व्यवस्थाको मुल मर्म भनेको यदि कुनै राजनैतिक दलले आफ्नो विधान बमोजिम आफ्नो राजनैतिक दलमा कुनै परिवर्तन वा हेरफेर गर्दछ भने सो विवरणलाई निर्वाचन आयोगले अद्यावधिक गर्नु पर्छ भन्ने हो। साथै, यदि राजनैतिक दलमा भएको परिवर्तन वा हेरफेर नेपालको संविधान, राजनीतिक दल सम्बन्धी ऐन, नियमावली र पार्टीको विधान प्रतिकुल नभएको अवस्थाको निर्वाचन आयोगले राजनैतिक दलमा भएको परिवर्तनलाई बाध्यात्मक रूपले अद्यावधिक गराउनु पर्दछ। यहाँ नेपाली

कांग्रेस विधानको धारा १७ (२) बमोजिम माग भई विधानको धारा ३ (१२) र धारा २७ (१) बमोजिम आह्वान गरी मिति २०८२।९।२७,२८,२९ र ३० गते आयोजना भएको विशेष केन्द्रीय महाधिवेशन र सो विशेष केन्द्रीय महाधिवेशनबाट भएका निर्णय नेपालको संविधान, राजनीतिक दल सम्बन्धी ऐन, नियमावली र नेपाली कांग्रेस पार्टीको विधान प्रतिकूल नभएको हुँदा निर्वाचन आयोगले मिति २०८२।१०।०२ गते गरेको निर्णय कानुन सम्मत रहेको छ। तसर्थ, कानुन सम्मत निर्णयलाई अन्यथा भनी दायर भएको रिट निवेदन खारेज योग्य छ।

२६. विपक्षी रिट निवेदकले निवेदनमा निर्वाचन आयोगले राजनीतिक दल सम्बन्धी ऐन,२०७३ को दफा ४३ को विवादमा सोही ऐनको दफा ४४, ४५ र ४६ को कार्यविधिगत प्रक्रिया अवलम्बन नगरेको भन्ने दावी गर्नु भएको रहेछ। यद्यपि दफा ४३ र ४४ सम्बन्धि विवाद दल विभाजन सँग सम्बन्धित विवाद हो र यहाँ नेपाली कांग्रेस पार्टी विभाजनको वा आधिकारिकताको कुनै अवस्था छैन। साथै, हामीले नेपाली कांग्रेस पार्टीको कुनै आधारिकताको लागि निवेदन पेस गरेका पनि होईनौ। हामीले नेपाली कांग्रेस पार्टीको विधानले सर्वोच्च निकाय रूपमा स्थापित गरेको महाधिवेशनले निर्वाचित गरेको केन्द्रीय कार्यसमितिको पदाधिकारीको अद्यावधिक गराउन मिति २०८२।१०।१ मा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५१ बमोजिम आयोग समक्ष निवेदन पेस गरेका हौं र हामीले पेस गरेको उल्लेखित निवेदनले नेपाली कांग्रेस पार्टी विभाजन हुने पनि होईन। यसरी हामीले नेपाली कांग्रेसको विधान बमोजिम वैधानिक रहेको विशेष केन्द्रीय महाधिवेशनले गरेको निर्णय अद्यावधिक गराउनसम्म निवेदन दिएकोमा निर्वाचन आयोगले राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५१(२) मा उल्लेखित कानुनी व्यवस्था अनुसार गर्ने कानुनी व्यवस्था भएकोले सोही कानुनी व्यवस्थाको आधारमा मिति २०८२।१०।२ मा निर्वाचन आयोगबाट निर्णय भएको छ। यस कारणले हामीले राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५१ बमोजिम दिएको निवेदनमा निर्णय हुने विषयमा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४४, ४५ र ४६ मा उल्लेखित यस विषयसंग सम्बन्धित नभएकोले सो कार्यविधि अवलम्बन गर्नुपर्ने अवस्था नै छैन। तसर्थ, राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४३. ४४, ४५ र ४६ मा उल्लेखित कार्यविधिगत कुरा पूरा नभएको भनी दायर भएको विपक्षीहरूको रिट निवेदन खारेज योग्य छ।

२७. राजनीतिक दल सम्बन्धी ऐन, २०७३ ले राजनीतिक दलको गठन, दर्ता र संचालनलाई नियमन गर्ने, दलको खारेजी गर्ने, दल विभाजन र गाभिने, दलभित्रको विवाद समाधान गर्ने, दलमा हुने परिवर्तनलाई अद्यावधिक गर्ने लगायतको कार्य गर्ने अधिकार निर्वाचन आयोगलाई दिएको छ। साथै, नेपालको संविधानको धारा २६९ र राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को सम्पुर्ण

व्यवस्थालाई अध्ययन गर्दा निर्वाचन आयोगलाई राजनीतिक दलहरूलाई नियमन गर्ने साधिकार निकायको रूपमा स्थापित गरेको देखिन्छ। यसरी संविधान र विद्यायिक कानुन बमोजिम अधिकार क्षेत्र ग्रहण गरेको निकायले गरेको निर्णय उपर रिट निवेदनको माध्यमबाट न्यायिक पुनरावलोकन गर्न विपक्षी रिट निवेदक सम्मानित अदालत समक्ष प्रवेश गरेकोमा सम्मानित अदालतले विवादको तथ्यमा प्रवेश नगरी केवल साधिकार निकाय (अर्थात निर्वाचन आयोग) ले गरेको निर्णयको कानूनी वैधता मात्र परिक्षण गर्ने हो। सैद्धान्तिक रूपबाट समेत न्यायिक पुनरावलोकनको माध्यमबाट सम्मानित अदालत समक्ष प्रवेश गर्दा पुनरावेदकिय अधिकार सरह विवादको तथ्यमा प्रवेश गरी साधिकार निकायले गरेको निर्णय ठीक थियो वा थिएन भनी हेर्न मिल्दैन। सम्मानित अदालतले न्यायिक पुनरावलोकनको माध्यमबाट निर्वाचन आयोगले मिति २०८२।१०।२ गते गरेको निर्णय परिक्षण गर्दा निर्वाचन आयोगले राजनीतिक दल सम्बन्धि ऐन, २०७३ को दफा ५१ (१) र (२) मा उल्लेखित कार्यविधिगत प्रक्रिया पुरा गरेको छ वा छैन र न्यायका मान्य सिद्धान्त उल्लङ्घन भएको छ वा छैन भनी हेर्ने हो।

२८. विपक्षी रिट निवेदकले विशेष केन्द्रीय महाधिवेशनमा सहभागी महाधिवेशन प्रतिनिधि आफ्नो हस्ताक्षर फिर्ता लिईसकेको भनी रिट निवेदनमा जिकिर लिनु भएको रहेछ। मिति २०८२।९।३० मा विशेष केन्द्रीय महाधिवेशन सम्पन्न भई नयाँ केन्द्रीय कार्यसमिति निर्वाचित भईसकेको अवस्थामा मिति २०८२।१०।४ मा महाधिवेशन प्रतिनिधिको तर्फबाट भन्दै अस्तित्वहिन केन्द्रीय कार्य समितिले समर्थन फिर्ता लिएको भनी गरेको दावीको कुनै कानुनी मान्यता हुँदैन। त्यसमा पनि विशेष केन्द्रीय महाधिवेशनमा सहभागी भई उपस्थिति समेत जनाई निर्णय प्रक्रियामा सहभागि भइसकेपछि उपस्थिति फिर्ता हुन्छ भन्ने अर्थ गर्न मिल्दैन । दोस्रो कुरा महाधिवेशनमा मत जाहेर गर्ने बेलासम्म कुनै पनि प्रतिनिधिले असहमति प्रकट गर्नु भएको छैन, जानकारी गराउनु भएको छैन। यदि विधान बमोजिम महाधिवेशन सम्पन्न भइसकेपछि त्यसमा आफ्नो सहभागिता फिर्ता लिएको भन्ने भनाइका आधारमा पटक पटक उपस्थितिको वैधता थियो वा थिएन भनेर हेर्न थाल्ने हो भने कुनै पनि दल वा संस्थाका साधारण सभा वा अधिवेशन प्रक्रिया अनन्तकालसम्म सम्पन्न हुन सक्दैनन्। अतः त्यस्तो भनाई आफैमा विवन्धित पूर्ण रहेको छ। त्यसैगरी विशेष केन्द्रीय महाधिवेशनमा सहभागी महाधिवेशन प्रतिनिधिको हस्ताक्षर अखन्डित रूपमा कायम छन्, सोको प्रमाणित आधार सहितको कागजात मिति २०८२।०६।२९ गते का.वा. सभापति पूर्णबहादुर खडकालाई र मिति २०८२।०९।१४ गते निर्वाचत आयोग समक्ष पेस भईसकेको छ। साथै, विशेष केन्द्रीय महाधिवेशनमा को-को महाधिवेशन प्रतिनिधि उपस्थित थए र को-को महाधिवेशन प्रतिनिधिले आफ्नो हस्ताक्षर फिर्ता

लिए भन्ने तथ्यगत विषय रिट क्षेत्राधिकारको माध्यमबाट हेर्ने विषय समेत होईन। तसर्थ, विपक्षीले दायर गरेको रिट निवेदन खारेज योग्य छ।

२९. प्रचलित राजनीतिक दल सम्बन्धी ऐनको दफा ८ ले राजनीतिक दलको विधानलाई सर्वोपरी मानेको छ। नेपाली कांग्रेस पार्टीको विधानको धारा १५ ले महाधिवेशनलाई पार्टीको सर्वोच्च निकाय मानेको छ। विधानले महाधिवेशनका सन्दर्भमा दुइवटा अवस्थाको परिकल्पान गरेको छ। पहिलो आवाधिक रूपमा नियमित महाधिवेशन र दोस्रो विशेष केन्द्रीय महाधिवेशन। विशेष महाधिवेशनमा सन्दर्भमा विधानमा दुइवटा विकल्पको व्यवस्था रहेको छ, पहिलो केन्द्रीय कार्यसमितिले आवश्यक ठानेमा र दोस्रो चालिस प्रतिशत महाधिवेशन प्रतिनिधिले कारण सहित लिखित निवेदन दिएमा विशेष महाधिवेशन बोलाउनुपर्नेछ। नियमित महाधिवेशन हुन नसकेको र नगरेको परिस्थितिमा विधानको १७ (२) बमोजिम विशेष महाधिवेश माग गर्न पाउनु महाधिवेशन प्रतिनिधिको वैधानिक अधिकार भएको र विशेष महाधिवेशन बोलाउनु केन्द्रका लागि वाध्यकारी व्यवस्था हो। केन्द्रीय कार्यसमितिले आवश्यक नठानेको यस परिस्थितिमा ५४.५८ प्रतिशत भन्दा बढी महाधिवेशन प्रतिनिधिले हस्ताक्षर गरी कारण सहित माग गरी २०८२ असोज २९ मा दर्ता गरेको विशेष महाधिवेशनको निवेदन अनुसार केन्द्रले प्रक्रिया अगाडि बढाउनुपर्ने बाध्यात्मक अबस्था थियो किनकि पार्टीको महाधिवेशन केन्द्रीय कार्यसमितिको नै जन्मदाता हो, महाधिवेशन सर्वोच्च निकाय हो। यसर्थ पनि केन्द्रीय कार्यसमितिले विशेष महाधिवेशनको अधिकार र निर्णयलाई संकुचित गर्न सक्दैन।

३०. प्रस्तुत मुद्दा दर्ता गर्ने विपक्षीहरू रहेको भनीएको केन्द्रीय समितिले निर्णय गरेको भन्ने आधारमा विपक्षी रिट निवेदकले अख्तियारप्राप्त भएको भन्ने उल्लेख गरेको हकमा मिति २०८२।१०।६ मा नेपाल राज्यभर १६५ वटै निर्वाचन क्षेत्रमा मनोनयन गर्ने कांग्रेसका उम्मेदवारले म प्रत्यर्थी गगन कुमार थापाले हस्ताक्षर गरेको आधिकारिक मनोयन पत्र (टिकट) संलग्न गरी मनोनयन पत्र पेस गरी भाग लिएको प्रतिनिधि सभाको निर्वाचन मिति २०८२।११।२१ गते सम्पन्न भईसकेको पृष्ठभूमिमा मुलुकभरी म गगन कुमार थापाको सभापतित्व रहेको नेपाली कांग्रेस पार्टीको संवैधानिक एंव राजनीतिक वैधता स्थापित भएको छ। त्यस्तै विपक्षी रिट निवेदक शेरबहादुर देउवाले आफूलाई नेपाली कांग्रेस पार्टीको सभापति र विपक्षी पूर्ण बहादुर खडकाले आफूलाई का.वा. सभापति भन्ने पदीय हैसियत देखाउनु भएको रहेछ। जबकि, विशेष महाधिवेशनबाट भएको निर्णय नं. ५ मा स्पष्ट रूपमा २०७८ सालको १४ औं महाधिवेशनबाट निर्वाचत केन्द्रीय कार्य समितिको पदावधि समाप्त भएको भन्ने निर्णय गरी १५ औं नियमित महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्यसमितिको गठन नहुन्जेलसम्मको

लागि केन्द्रीय कार्य समितिको निर्वाचन गर्नको लागि केन्द्रीय निर्वाचन समिति गठन गरी सभापति गगन कुमार थापाको सभापतितत्वमा नयाँ केन्द्रीय कार्यसमितिको गठन भएको र सोको प्रचलित कानून बमोजिम अद्यावविधिक समेत भइसकेको अवस्थामा विपक्षी रहेको भन्ने केन्द्रीय कार्यसमिति अस्तित्वहीन भएकोले प्रस्तुत रिट निवेदन गर्ने हकदैया विपक्षीहरूलाई रहेको छैन। तसर्थ निवेदकको बेबुनियाद, आधारहीन रिट निवेदन खारेज गरी न्याय इन्साफ गरी पाउँ भन्नेसमेत बेहोराको गगनकुमार थापा, विश्वप्रकाश शर्मा र प्रदिप पौडेलको तर्फबाट यस अदालतमा परेको संयुक्त लिखित जवाफ।

३१. हामी निवेदकले विपक्षी निर्वाचन आयोगले मिति २०८२।०९।२७ देखि ३० सम्म भएको भनीएको नेपाली कांग्रेसले आयोजना नगरेको विशेष महाधिवेशनको आधारमा राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ५१ को गलत व्याख्या गरी नेपाली कांग्रेसले आयोजना नै नगरेको अवस्थामा र नेपाली कांग्रेसको साधारण सदस्यसमेत नरहेका व्यक्तिहरु सभापति उपसभापति समेत भएको भनी निजहरुको नामबाट अद्यावधिक गर्ने भनी निर्वाचन आयोगमा दुईजना आयुक्तबाट मिति २०८२।१०।०२ मा गैरकानुनी तवरबाट निर्णय भएको भनी राजनीतिक दल सम्बन्धी ऐन, २०७३; राजनैतिक दल सम्बन्धी नियमावली, २०७४, नेपाली कांग्रेसको विधान, २०१७ को विपरीत निर्णय गरी विपक्षीहरुको मिलेमतोमा हामी निवेदकको संवैधानिक तथा मौलिक हकको हनन गरेकाले मिति २०८२।१०।०४ मा ०८२-WO-०७७३ को उत्प्रेषण परमादेश समेत को निवेदन दायर गरी हाल उक्त निवेदन यस सम्मानित अदालतमा दर्ता भई आधिकारिकता सम्बन्धी विवाद विचाराधिन रहे भएकै अवस्थामा नेपाली कांग्रेसको कार्यसम्पादन समितिबाट भएको निर्णयलाई प्रभाव पर्नेगरी नेपाली कांग्रेसको मिति २०८२ चैत्र ११ गतेका दिनमा पार्टीकों केन्द्रीय समितिको निर्णय भनी प्रेस विज्ञप्ती मार्फत कार्यतालिका समेत प्रकाशित गरी अनधिकृत एवं जवरजस्ती रुपमा नेपाली कांग्रेसको १५ औं महाधिवेशनका कार्य अगाडि बढाउन सक्ने परिस्थिति सृजना भई परिस्थितिमा वदलाव आएको हुँदा विचाराधीन मुद्दामा समेत असर परी मुद्दाको मकसद समेत समाप्त भई म निवेदकको मागमा गम्भीर असर परी अन्याय पर्ने हुनाले परिस्थितिमा आधारभूत परिर्वतन भएको आधार र कारण देखाई सम्बन्धित पक्षले सोही विषयमा त्यस्तो आदेशको लागि पुनः निवेदन दिन सक्नेछ भन्ने कानूनी व्यवस्था तथा सर्वोच्च अदालत निमावली, २०७४ को नियम ४९ मा "निवेदकले कुनै निवेदनको अन्तिम टुङ्गो नभएसम्मका लागि निजले मागदावी लिएको कुनै विषय यथास्थितिमा नराखेमा त्यस्तो निवेदन माग दावी नै निरर्थक हुने बेहोरा खुलाई अन्तरिम आदेश जारी गरी पाउँ भनी माग गर्न सक्नेछ" भन्ने कानूनी व्यवस्थाबमोजिम विपक्षीहरुले मिति २०८२।१२।११ मा मिति २०८३

असोज १६, १७, १८ र १९ सम्म १५ औं महाधिवेशन गर्ने भनी गरेको भनीएको निर्णय, कार्यतालिका लगायतका कार्यहरु मु.नं.०८२-WO-०७७३ उत्प्रेषण प्रतिषेध परमादेश समेत मुद्दाको अन्तिम टुंगो नलागे सम्म कार्यान्वयन नगर्नु नगराउनु सम्पूर्ण काम कारवाही यथास्थितिमा राख्नु भनी अन्तरिम आदेश समेत जारी गरी पाउँ। प्रस्तुत मुद्दाको विषय वस्तुको गाम्भिर्यतालाई मध्यनजर गरी मुद्दाको दुवै पक्षले पेशी स्थगित गर्न नपाउने गरी निरन्तर सुनुवाई गरी पाउँ भन्नेसमेत बेहोराको शेरबहादुर देउवासमेतको पुरक निवेदन।

## आदेश खण्ड

३२. नियमबमोजिम दैनिक पेसीमा चढी निर्णायार्थ पेस हुन आएको प्रस्तुत रिट निवेदनमा लिखित जवाफसहितका मिसिल संलग्न कागजातहरू अध्ययन गरियो।

३३. रिट निवेदक तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताज्यूहरु श्री बाबुराजा श्रेष्ठ, एगराज पोखरेल, श्री लक्ष्मी रावल दाहाल, श्री गोविन्द प्रसाद शर्मा वन्दी, श्री रमणकुमार श्रेष्ठ, श्री शेरबहादुर के.सी., श्री रमेश वडाल, श्री ईश्वरीप्रसाद भट्टराई, श्री अमर थापा, श्री पूर्णबहादुर खड्का, श्री खम्मबहादुर खाती र श्री अरुण पौडेलले नेपाली कांग्रेसको विधानको धारा ४३(२) बमोजिमको समयमा मुलूकमा असामान्य स्थिति श्रीजना भएको कारण पन्ध्रौ महाधिवेशन हुन नसकेकोले २०८२ माघ मसान्तसम्म पार्टीका पदाधिकारीहरुको म्याद थप गरिएको र २०८३।०१।२८-३१ सम्म नियमित महाधिवेशन अर्थात पन्ध्रौ महाधिवेशन गर्ने भनी कार्यतालिका समेत निर्धारण भैसकेको अवस्थामा विशेष महाधिवेशनको औचित्य नै नभएको हुदा विशेष महाधिवेशन सम्वन्धी सम्पुर्ण काम कार्वाही गैरकानूनी हुदा सो सम्पुर्ण काम कार्वाही वदर हुनुपर्छ भनी वहस गर्नु भयो । विद्वान् अधिवक्ताहरु श्री पंकजकुमार कर्ण, श्री धर्मराज खनाल, श्री ज्ञानेन्द्रराज आरण, डा. श्री शिव कुमार यादव, श्री कृष्ण कुमार आङ्देम्वे, श्री केशवराज जोशी, श्री शेरबहादुर रोकाया, श्री वामदेव अधिकारी, श्री राज कुमार डाँगी, श्री गोपाल सिंह, श्री अञ्जना अर्याल, श्री जिवन न्यौपाने, श्री विश्वनाथ खनाल, श्री मंगल सुन्दर शिल्पकार, श्री ज्ञानेन्द्र अधिकारी, श्री रमेश बहादुर रावल, श्री प्रदिप थापा, श्री अमित कुमार कर्ण, श्री अनिता शर्मा, श्री रुपा पोखरेल, श्री धनमाया रानामगर, श्री जनकराज श्रेष्ठ, श्री धर्मराज खनाल, श्री धर्मराज रेग्मी, श्री सुकदेव काफ्ले, श्री सुन्दर बहादुर सेनी, श्री देवीप्रसाद रिजाल, र श्री चक्रबहादुर थापा समेतले यि विपक्षीहरुलाइ विधान बमोजिम साधारण सदस्य समेत नरहने गरी कारवाही भइसकेको मा त्यस्तो व्यक्तीहरु समेतको सहभागितामा भएको सो विशेष महाधिवेशन समेतको काम कार्वाही कानून विपरीतको हुँदा रिट जारी हुनुपर्छ भनी वहस गर्नुभयो।

३४. प्रत्यर्थी निर्वाचन आयोगको तर्फबाट उपस्थित विद्वान् नायब महान्यायाधिवक्ता श्री सञ्जिव राज रेग्मी र विद्वान् उपन्यायाधिवक्ता श्री विष्णुप्रसाद पौडेलले नेपाली काँग्रेसको मिति २०८२।१०।०१ को पत्रबाट संवत् २०८२ पौष २७ देखि ३० मा भएको केन्द्रीय विशेष महाधिवेशनबाट दलको विवरण हेरफेर भएकोले विवरण अद्यावधिक गर्नको लागि १३४ सदस्यीय विशेष केन्द्रीय महाधिवेशनबाट निर्वाचित भएको केन्द्रीय कार्य समितिको विवरण प्रमुख पदाधिकारी गगनकुमार थापाले हस्ताक्षर गरी अद्यावधिकका लागि आएकोमा राजनीतिक दल संवन्धी ऐन, २०७३ को दफा ५१ र सो सम्वन्धी नियमावली, २०७४ को दफा २५ बमोजिम जाँचवुझ गर्दा नेपाली कांग्रेस पार्टीको विधान, २०१७ को धारा ४३ बमोजिम पार्टीका सवै तह र निकायका पदाधिकारीहरु तथा सदस्यहरुको पदावधि समाप्त भईसकेको अवस्था भएको असाधारण अवस्थामा १ वर्षसम्म पदावधि थप्न सकिने व्यवस्था भएपनि के कुन अवस्थालाइ असाधारण अवस्था हुने भन्ने व्यवस्था सो विधानमा नरहेको र उक्त विधानको धारा १७(२) बमोजिम भएको विशेष महाधिवेशन कानून र विधान सम्मत देखिई सो बमोजिमको विवरण अधावधिकको लागि माग भएबमोजिम अद्यावधिक गर्ने निर्णय भएको हुदा रिट निवेदन खारेज हुनुपर्छ भनी गर्नु भएको वहस सुनियो ।

३५. प्रत्यर्थीहरु गगनकुमार थापासमेतका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरु श्री हरिहर दाहाल, श्री राधेश्याम अधिकारी, श्री प्रेमबहादुर खड्का, श्री सिताराम के.सी., श्री यदुनाथ खनाल, श्री गोपालकृष्ण घिमिरे, श्री दिनमणी पोखरेल, डा. श्री चन्द्रकान्त ज्ञवाली, श्री टीकाराम भट्टराई, श्री सतिशकृष्ण खरेल, श्री पुर्णमान शाक्य, श्री गुणनिधि न्यौपाने, श्री युवराज भण्डारी, श्री कोमल प्रकाश घिमिरे, श्री शैलेन्द्र दाहाल, प्रा.डा. श्री गान्धी पण्डित, श्री सुरेशकुमार पौडेल र श्री रामबन्धु शर्मा श्री रोहितराज वाँस्तोलासमेतले नेपाली कांग्रेसको विधान आफैमा नेपाल कानून नभएको हुँदा र रिटको विषयवस्तू राजनीतिक प्रकृतिको हुँदा उक्त विधानको धारा १७(१) र (२) को व्याख्या र विश्लेषण रिट क्षेत्रबाट गर्न मिल्दैन।विशेष महाधिवेशनबाट निर्वाचित सभापति नेतृत्वको नयाँ कार्यसमितिले रिट निवेदन पछिपनि धेरै वैठक र निर्णय गरिसकेको र सोमा रिट निवेदकले चित्त वुझाई मौन स्विकार समेत गरि समर्पण गरिसकेको अवस्थामा रिट जारी हुनुपर्ने अवस्था नभई खारेज हुनु पर्छ भनी वहस गर्नु भयो। त्यस्तै विद्वान् अधिवक्ताहरु श्री किर्तिनाथ शर्मा, श्री सेमन्त दाहाल, श्री भुवनप्रसाद वाग्ले, श्री राजु कटुवाल, श्री रत्नसुन्दर सुजु, श्री तुलसा शर्मा, श्री पुष्पराज शर्मा, श्री सम्झना के.सी., श्री कुमार भट्ट, श्री सुदिप कुमार साह, श्री मेनुका सुवेदी, श्री अनुपम भट्टराई, श्री सरोजकृष्ण घिमिरे, श्री निर्भयराज पौडेल, श्री गोकर्णराज बन्जाडे, श्री प्रह्लादबहादुर कार्की, श्री सुस्मित खनाल, श्री दिपेन्द्र अधिकारी, श्री मनिषा बस्नेत, श्री गोकर्णराज

भण्डारी, श्री जितेन्द्रबहादुर पाण्डे, श्री बासुदेव रिजाल, श्री उज्वलराम घिमिरे, श्री भरतकुमार लकाई, श्री पुष्प खड्का, श्री रोहन घिमिरे, श्री गोविन्दराज बसौला, श्री बिनोद कार्की, श्री राजकुमार उप्रेती, श्री रामचन्द्र पौडेल, श्री शंकर पौडेल, श्री राजिव बास्तोला, श्री विष्णुभक्त भट्टराई, श्री बिक्रमबहादुर कुँवर, श्री ख्यामनाथ गौतम, श्री दिपक खड्का, श्री भरतकुमार घिमिरे, श्री थम्मलाल शर्मा, श्री सन्तोष भण्डारी, श्री राजकुमार उप्रेती, श्री पवन आचार्य, श्री झलमाया वि.क. र श्री रोशन नेपाल समेतले नेपाली कांग्रेसको विधान, २०१७को धारा १७(२) को प्रावधान पार्टी भित्रको लोकतान्त्रिक पद्धतिलाइ अक्षुण्ण राख्ने र वाध्यात्मक प्रावधान भएकोले सो बमोजिम भएको काम कारवाही कानून बमोजिमको हुदा रिट निवेदन खारेज हुनुपर्छ भनी गर्नुभएको बहस सुनियो।

३६. नेपाली कांग्रेस विधान,२०१७ (संशोधन सहित) धारा १७(१) र ४३ (१) समेतमा हरेक ४ वर्षमा केन्द्रीय महाधिवेशन हुने व्यवस्था भए वमोजिम नेपाली कांग्रेस पार्टीको पन्ध्रौ महाधिवेशन २०८२ मंसिर महिना भित्रमा हुनु पर्नेमा उक्त समय भित्र पन्ध्रौं महाधिवेशन गर्न सम्भव नभएकाले सोही धारा ४३(२) बमोजिम मिति २०८२।८।१५को पार्टीको केन्द्रीय कार्यसमितिको वैठकले २०८२ माघ मसान्तसम्मका लागि पार्टीका सवै पदाधिकारीहरुको म्याद थप गरिएको र मिति २०८२।९।१८ को केन्द्रीय कार्यसम्पादन समितिको निर्णय बमोजिम जेष्ठ मसान्तसम्मका लागि पदाधिकारीहरुको म्याद थप गरी २०८३।१।२८-३१ सम्म पार्टीको पन्ध्रौं महाधिवेशन सम्पन्न गर्नका लागि कार्यतालिका र आवश्यक तयारी समेत भईसकेको कारण विशेष महाधिवेशन आवश्यक नभएको अवस्था हुदाहुदै पार्टीको चौधौं महाधिवेशनबाट निर्वाचित केही महाधिवेशन प्रतिनिधिहरुले विधानको धारा १७(२) बमोजिम विशेष महाधिवेशन माग गर्नुभएको थियो। यसरी नियमित महाधिवेशनको मिति र समय तोकी प्रकृया र सो को कार्यतालिका समेतको तयारी अघि वढी सकेको सन्दर्भमा केन्द्रीय कार्यसमितिको उक्त निर्णय विपरीत चौधौं महाधिवेशनबाट निर्वाचित महामन्त्रीद्वय विपक्षी हरु गगन कुमार थापा र विश्व प्रकाश शर्मासमेतले विज्ञप्ति प्रकाशित गरी विकल्प विशेष महाधिवेशन भनी गैरकानूनीरुपमा भेला वोलाइ सो भेलालाइ विशेष महाधिवेशनको नाम दिई गरीएको काम कारवाही र सो गैरकानूनी महाधिवेशनबाट निर्वाचित अवैधानिक समितिलाइ मान्यता दिई अभिलेख अद्यावधिक गरिएको विपक्षी निर्वाचन आयोगको निर्णय समेत वदर गरिपाउँ भन्ने समेत व्यहोराको रिट निवेदनको मुख्य माग दावी र विधानको धारा ४३ बमोजिमको अवधिमा नियमित महाधिवेशन हुन नसकेको, नेपालको राजनीतिक संकट र अनिश्चितता भएको तत्कालीन सन्दर्भमा विधानको धारा १७(२) बमोजिम ५४ प्रतिशत भन्दा वढी महाधिवेशन प्रतिनिधिहरूद्वारा विशेष महाधिवेशनको माग

गरिएकोमा ३ महिनाभित्र विशेष महाधिवेशन गराउनुपर्ने वाध्यकारी  वैधानिक व्यवस्था विपरीत तत्कालीन कार्यवाहक सभापति तथा केन्द्रीय कार्यसमितिले सो माग निवेदनलाइ सम्वोधन नगरेको कारण तत्कालीन महामन्त्रीको हैसियतमा महाधिवेशन प्रतिनिधिको निवेदन माग तथा विधानको मर्म बमोजिम मिति २०८२।९।२७ र २८ गते विशेष महाधिवेशनको आह्वान भई सम्पन्न भएको र सोहि विशेष महधिवेशनबाट निर्वाचित सभापति र केन्द्रीय कायसमितिका पदाधिकारी समेतको विवरण राजनीतिक दल सम्वन्धी ऐन, २०७३ तथा नियमावली बमोजिम अद्यावधीक भए गरेको कार्य कानूनसम्मत् हुँदा रिट निवेदन खारेज हुनुपर्छ भन्ने समेतको लिखित जवाफ व्यहोरा भएको प्रस्तुत रिट निवेदनमा देहायका विषयमा निर्णय दिनुपर्ने देखियो।

क. राजनीतिक दलको आन्तरिक विवाद तथा राजनीतिक दलको विधानसँग सम्वन्धित विवाद र राजनीतिक दलसम्बन्धी ऐन, २०७३ बमोजिम राजनीतिक दलहरूको विवाद सम्बन्धमा  यस अदालतको असाधारण अधिकारक्षेत्र अन्तर्गत पर्न आएको प्रस्तुत निवेदनमार्फत विपक्षी आयोगले राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५१(१)(२) को प्रकृया बमोजिम गरेको निर्णयको तथ्यगत प्रश्न न्यायिक निरोपणयोग्य (Judicial Justifiable) हो वा होईन?

ख. नेपाली कांग्रेसको विद्यानको धारा १७(२) बमोजिम ४० प्रतिशत महाधिवेशन प्रतिनिधिहरूले माग गरे बमोजिमको विशेष महाधिवेशन, दलको केन्द्रीय कार्यसमितिले ३ महिना भित्र बोलाउनु पर्नेमा सो बमोजिम नबोलाएको कारणले विधानको धारा २७ को प्रयोग गरी महामन्त्रीहरूले बोलाएको विशेष महाधिवेशन विधान सम्मत हो होइन?

ग. पार्टीको महामन्त्रीले विशेष महाधिवेशन वोलाउने प्रकृयामा वैधानिकताको प्रश्न उठाइएकोमा सोही प्रकृयाबाट सम्पन्न भईसकेको विशेष महाधिवेशनले गरेका निर्णयहरू राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५१ बमोजिम अद्यावधिक गर्न मिल्ने नमिल्ने के हो?

घ. विधानको धारा ४३ बमोजिम पदाधिकारीहरु तथा सदस्यहरुको पदावधि समाप्त भईसकेको मान्ने हो भने महधिवेशन प्रतिनिधिहरुको समेत पदावधि समाप्त भईसकेको हुदा त्यस्तो प्रतिनिधिहरुको हैसियतमा भाग लिई भएको महाधिवेशन कानून सम्मत हुन्छ वा हुदैन ?

ङ. ङ. ५४ प्रतिशत भन्दा वढी महाधिवेशन प्रतिनिधिहरुले महाधिवेशन माग गरेको भनीएपनि धेरै प्रतिनिधिहरुले आफ्नो हस्ताक्षर फिर्ता लिईसकेको भन्ने आधार लिई त्यस्तो महाधिवेशनको वैधानिकतामा कायम रहने हो वा होइन ?

३७. पहिलो प्रश्न तर्फ विचार गर्दा, राजनीतिक दलहरु राजनीतिक दल सम्वन्धी ऐन २०७३ को दफा ८ बमोजिम स्वशासित संगठित संस्थाको रुपमा रहने र हरेक राजनीतिक दलले आफ्नो

आन्तरिक कार्यविधी आफै व्यवस्थित गर्न सक्षम हुनेहुँदा राजनीतिक दलको आफ्नो आन्तरिक कामकार्वाहीका विषयहरु सामान्यतः न्यायिक क्षेत्राधिकार वाहीर (Out of the judicial Domain) रहन्छन्। यद्यपि संविधान प्रदत्त मौलिक हकको विषय जोडीएको अवस्थामा भने दलिय कृयाकलाप वा दलको विधानको कार्यन्वयन सम्वन्धी विषयवस्तु पनि विशुद्ध राजनीतिक नभै कानूनी वा संवैधानिक प्रश्नको रुपमा न्यायिक परिक्षणयोग्य वन्न सक्ने अवस्था रहन्छ। लोकतान्त्रिक पद्दतीमा संविधान तथा कानूनले नै राजनीतिक दलको दर्ता तथा सोको व्यवस्थापन सम्वन्धमा व्यवस्था गरेको हुन्छ भने सोको परिपालना सम्वन्धी प्रश्न न्यायिक क्षेत्राधिकार वाहीर (Out of judicial Scrutiny) हुन्छ भन्न मिल्ने हुदैन। यसका अलावा प्रस्तुत रिट निवेदनको विषयवस्तु केवल नेपाली कांग्रेसको विधानको उल्लंघनसँग मात्र सम्वन्धीत नभै निर्वाचन आयोगले राजनीतिक दलसम्वन्धि ऐन, २०७३ को दफा ५१ समेतको उल्लंघन भएको भनी प्रश्न उठाइएको र सो सम्वन्धमा अन्य कानूनी उपचारको व्यवस्था रहेको नदेखिदा निवेदनमाग बमोजिमको आयोगको निर्णय समेतको काम कारवाहीको तथ्यगत प्रश्न न्यायिक पुनरावलोकनको विषयवस्तु रहन सक्ने नै देखिन आयो।

३८. दोश्रो प्रश्न तर्फ विचार गर्दा नेपाली कांग्रेसको चौधौं महाधिवेशन प्रत्येक ४ वर्षमा हुने सो पार्टीको विधानको धारा १७(१) मा रहेको पाइन्छ। पार्टीका पदाधिकारी तथा सदस्यहरु को कार्यकाल वा पदावधि पनि सोही बमोजिम ४ वर्ष नै हुने असाधारण अवस्थामा कारण खोली वढीमा १ वर्षसम्म केन्द्रीय कार्यसमितिले अवधि वढाउन सक्ने व्यवस्था समेत भएको कुरा उक्त विधानको धारा ४३ मा उल्लेख भएको पाइयो। सो भन्दा वढी पदावधि वढाउन सकिने प्रावधान रहेको पाइदैन। असाधारण अवस्था परेको भनी पदाधिकारी तथा सदस्यहरुको अवधि सोही दफा बमोजिम मिति २०८२।८।१५ को निर्णयले २०८२ माघ मसान्तसम्म र पुन २०८२।९।१८ को निर्णयले मिति २०८३ जेष्ठ मसान्तसम्म अवधी थप गरिएको भनी रिट निवेदनमा उल्लेख भएको व्यहोराले विधानवमोजिम कार्यसमितिको पदावधि समाप्त भइसकेको र विशेष परिस्थितिमा थप गर्न सकिने अवधि मध्ये पहिलो पटक थप गरिएको अवधि पनि व्यतित भइसकेको असाधारण अवस्था सिर्जना भएको तथ्यमा विवाद देखिएन। यसरी असाधारण अवस्था वा विशेष अवस्थामा कारण खुलाई विशेष महाधिवेशन बोलाउन सक्ने सम्वन्धी प्रावधान सोही विधानको धारा १७(२) मा रहेको पाइन्छ। उक्त उपधारामा *"केन्द्रीय कार्यसमितिले आवश्यक ठानेमा वा केन्द्रीय महाधिवेशनका चालिस प्रतिशत सदस्यहरुले केन्द्रीय महधिवेशनको वैठक बोलाउन विशेष कारण खुलाई केन्द्र समक्ष लिखित अनुरोध गरेमा निवेदन परेको तीन महिना भित्रमा विशेष केन्द्रीय महाधिवेशन वोलाउनुपर्नेछ"* भन्ने व्यवस्था रहेको पाइन्छ। विधानको उक्त व्यवस्थालाई अवलोकन गर्दा विशेष महाधिवेशन

वोलाउनुपर्ने दुइवटा वैकल्पिक व्यवस्थालाइ उक्त प्रावधानले समेटेको देखियो। पहिलो केन्द्रीय कार्यसमितिले आवश्यक ठानेको अवस्थामा भन्ने शव्दावलीले सो पहिलो विकल्पलाई केन्द्रीय कार्यसमितिको स्वविवेकिय अधिकारकोरुपमा राखेको देखिन्छ भने दोश्रो विकल्प भने केन्द्रीय महाधिवेशन प्रतिनिधिका चालिस प्रतिशत सदस्यहरुले विशेष कारण खुलाई केन्द्र समक्ष लिखित अनुरोध गरेमा ३ महिना भित्र विशेष केन्द्रीय महाधिवेशन वोलाउनुपर्नेछ भन्ने वाक्याँशले उक्त दोश्रो विकल्प केन्द्रको तजविजमा नभै वाध्यात्मक (Mandatory) रहेको देखिन्छ। जुन प्रावधान लोकतान्त्रिक विधी वा पद्दतिको महत्वपुर्ण प्रावधानकोरुपमा रहेको पाइन्छ।

३९. विधानको उक्त प्रावधान बमोजिम महाधिवेशन प्रतिनिधिहरुले विशेष महाधिवेशनको माग गरी केन्द्र समक्ष निवेदन गरेको विषय सारभुत अधिकारकै विषयको रुपमा रहेको र सो बमोजिम केन्द्रले विशेष महाधिवेशनको आह्वान गर्नु अनिवार्य दायित्वको रुपमा रहेको देखिन्छ। विधान बमोजिमको अवधिमा नियमित महाधिवेशन हुन नसक्ने र वैधानिकरुपमा विशेष महाधिवेशन माग भएको ३ महिनाभित्र नै नियमित महाधिवेशन हुन सक्ने आधार समेत रिट निवेदकले देखाउन नसकेको अवस्थामा विशेष महाधिवेशन लाई रोक्ने वा पन्छाउने कुनै कानूनी वा वैधानीक आधार रहे भएको देखिन आउदैन।

४०. विधानको १७(२) मा भएको उक्त दोश्रो विकल्प सारवान प्रावधानकोरुपमा रहेको तर सो प्रावधानको कार्यन्वयनमा पार्टीका सभापति वा कार्यावाहक सभापति समेतका पदाधिकारीहरु लगायत केन्द्रीय कार्यसमितिले समेत चासो नदेखाएको कारण देखाई तत्कालीन महामन्त्रीबाट महाधिवेशन प्रतिनिधिहरुको माग बमोजिम विशेष महाधिवेशन आह्वान गरी विशेष महाधिवेशन सम्पन्न गरीएको र सो बाट नयाँ पदाधिकारीहरु समेत निर्वाचित भए गरेको प्रकृयालाइ प्रकृयागत त्रुटी रहेको भन्ने समेतको दावी रिट निवेदनमा लिएको पाइन्छ।वस्तुतः कुनै पनि कानून वा विधान मा भएको सारवान प्रावधानलाई कार्यविधी कानूनले पराजित गर्न सक्दैन (Procedural law cannot defeat the substantive provision of law, procedure is the handmaiden of justice.) भन्ने विधिशास्त्रिय मान्यता रहेको पाइन्छ। यसका अलावा कानून द्वारा निर्धारित प्रकृयाको जानाजान उल्लघंन भएको अवस्था पनि हुनु हुदैन। विशेष महाधिवेशन सम्वन्धि उक्त प्रावधानमा चालिस प्रतिशत महाधिवेशन प्रतिनिधिले विशेष महाधिवेशनको लागि केन्द्र समक्ष माग गरेमा ३ महिना भित्र वोलाउनु पर्ने भन्ने प्रावधान रहेको र विधानको धारा २७ को उपधारा (१) *मा "नेपाली कांग्रेसको केन्द्रीय कार्यालय महामन्त्रीको मातहत रहनेछ । महामन्त्रीले केन्द्रीय कार्यालयको रेखदेख र सन्चालन गर्नेछ"*। सोही धाराको उपधारा (२)मा केन्द्रीय महाधिवेशन,केन्द्रीय महसमिति, केन्द्रीय कार्यसमिति, केन्द्रीय कार्य सम्पादन समिति र अन्य केन्द्रीय समितिहरुको

निर्णय कार्यन्वयन गर्ने गराउने जिम्मेवारी महामन्त्रीको हुनेछ भन्ने व्यवस्थाले महामन्त्रीद्वारा आह्वान गरीएको विशेष महाधिवेशनलाई विधान विपरित मान्न मिल्ने देखिएन।

४१. उक्त विधानको धारा १५ मा केन्द्रीय महाधिवेशन पार्टीको सर्वोच्च अधिकार सम्पन्न निकाय हुनेछ भन्ने व्यवस्था गरेको पाइन्छ। वैधानीकरुपमा आह्वान भएको महाधिवेशनबाट केन्द्रीय महाधिवेशन कार्यविधि, २०८२ पारित भएको सोही बमोजिम सम्पन्न भएको केन्द्रीय महाधिवेशनको आधारभुत प्रकृया सम्वन्धमा समेत अध्ययन गरी कानून सम्मत ठहर गरी सोलाई मान्यता दिएको निर्वाचन आयोगको काम कारवाही समेत कानून विपरीत देखिन आएन।

४२. तेस्रो प्रश्नतर्फ विचार गर्दा विधानको धारा १७(२) बमोजिम ४० प्रतिशत वा सो भन्दा वढी महाधिवेशन प्रतिनिधिहरुले केन्द्रसमक्ष विशेष महाधिवेशनको माग गरेकोमा ३ महिना भित्र विशेष महाधिवेशनको आह्वान केन्द्रीय कार्यसमितिले नगरेको अवस्थामा धारा २७ बमोजिम केन्द्रको तर्फबाट महामन्त्रीको हैसियतबाट विशेष महाधिवेशन आह्वान गर्नु वैधानिक भएको र सो बमोजिम विशेष महाधिवेशन सम्पन्न भई सो महाधिवेशनबाट निर्वाचित पदाधिकारीहरुसमेतको विवरण सम्वन्धी जानकारी निर्वाचन आयोग लाई सम्वन्धित राजनीतिक दलबाट दिइएकोमा राजनीतिक दल सम्वन्धी ऐन,२०७३ को दफा ५१ तथा राजनीतिक दल सम्वन्धि नियमावली, २०७४ को दफा २५ बमोजिम विवरण अद्यावधिक गर्नु निर्वाचन आयोगको कानूनी दायित्व भित्रकै विषय रहेको देखिन आयो।

४३. चौथो प्रश्नतर्फ विचार गर्दा हरेक नियमित महाधिवेशनमा सो महाधिवेशनमा भाग लिइ पदाधिकारीहरुको निर्वाचनसमेतकोलागी प्रतिनिधिहरुको छनौट गर्ने निश्चित विधि र प्रकृयाको व्यवस्था विधान र विधानको धारा ४८ बमोजिम बनेको नियमावलीले गरेको पाइन्छ। यद्यपी विशेष महाधिवेशन विशेष अवस्थाका लागि भएको कारण पनि हुनसक्छ यसको लागि महाधिवेशन प्रतिनिधिको छनौटको प्रवन्ध वा नयाँ महाधिवेशन प्रतिनिधिको कल्पना विधान तथा नियमावलीमा भएको नपाइँदा पुरानो महाधिवेशन प्रतिनिधिद्वारा भएको सो विशेष महाधिवेशन विधान विपरीत वा गैरकानूनी भन्न मिल्ने अवस्था देखिएन।

४४. पाँचौ प्रश्नतर्फ विचार गर्दा ५४ प्रतिशत भन्दा बढी महाधिवेशन प्रतिनिधिहरुले महाधिवेशन माग गरेको भनीएपनि धेरै प्रतिनिधिहरुले आफ्नो हस्ताक्षर फिर्ता लिईसकेको भन्ने आधार लिई त्यस्तो महाधिवेशनको वैधानिकतामा प्रश्न उठाइएकोमा विशेष महाधिवेशनका लागि निवेदनमा हस्ताक्षर गरेकोमा त्यस्तो महाधिवेशन सम्पन्न भईसकेपछी फिर्ता लिइएको भनीएको वा त्यस्तो दावी लिइएकोमा ति महाधिवेशन प्रतिनिधिहरुले महाधिवेशनमा नै प्रश्न उठाएको भए महाधिवेशनवाट नै निरोपण हुनेमा सो कुरा समयमै पुर्णरुपमा पुष्टी भैसकेको अवस्था नहुनुका

साथै महाधिवेशन सम्पन्न भईसकेको अवस्थामा हस्ताक्षर फिर्ता लिइएको भन्ने कुराले त्यस्तो सम्पन्न भइसकेको महाधिवेशनको वैधानिकता नरहने भनी मान्न मिल्ने देखिँदैन।

४५. नेपाली कांग्रेसको विधान, २०१७ को धारा १७(१) बमोजिम महाधिवेशनबाट निर्वाचित सभापति समेतका केन्द्रीय समितिको पदावधि ऐ. विधानको धारा ४३ बमोजिम ४ (चार) वर्ष रहने देखिन्छ। असाधारण स्थिति भएमा केन्द्रीय कार्यसमितिले सो को कारण खोली बढीमा १ (एक) वर्षसम्मको लागि अवधि बढाउन सक्ने अवस्था देखिन्छ। सो आधारमा हेर्दा, निवेदकहरुको कार्यकाल २०८२।८।२८ मा समाप्त भईसकेकोमा केन्द्रीय कार्यसमितिको बैठकले २०८२ साल माघ समान्तसम्मको लागि केन्द्रीय कार्यसमिति लगायत पार्टीका सबै तहको म्याद थप गरिएको भन्ने देखिन्छ। तर हाल सो अवधिसमेत व्यतित भइसकेको देखिन्छ।यसरी चौधौं महधिवेशनवाट निर्वाचित केन्द्रिय सभापतिले विधान वमोजिम महधिवेशन सम्पन्न गर्नु पर्नेमा गर्न नसकि विशेष अधिवेशन सम्पन्न भइसकेको अवस्थामा निवेदकले सभापति कै हैसियतमा प्रश्न उठाउन मिल्ने अवस्था पनि देखिएन।

४६. नेपाली कांग्रेसको विधान, २०१७ को धारा १७(२) बमोजिम केन्द्रीय समितिले आवश्यक ठानेमा वा केन्द्रीय महाधिवेशनका चालिस प्रतिशत सदस्यहरुले केन्द्रीय महाधिवेशनको बैठक बोलाउन विशेष कारण खुलाई केन्द्रसमक्ष लिखित अनुरोध गरेमा निवेदन परेको ३ महिना भित्रमा केन्द्रीय महाधिवेशन बोलाउनुपर्ने प्रावधान रहेको देखिन्छ। पार्टीको चौधौं महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्यसमितिको कार्यकाल २०८२ साल मंसिरमा समाप्त हुने भन्ने अवस्थासमेत स्पष्ट गर्दै विशेष महाधिवेशनको आवश्यकता, विशेष महाधिवेशनमा निर्णय गर्नुपर्ने विषयसमेत खुलाई विधानको धारा १७ (२) बमोजिम विशेष महाधिवेशन बोलाउन माग गरी महाधिवेशन प्रतिनिधिहरुले मिति २०८२।६।२९ मा विशेष महाधिवेशनको माग गरी नेपाली कांग्रेस केन्द्रीय कार्यालयसमक्ष दर्ता नं. १०१ को निवेदन दर्ता गरिएको भन्ने देखिन्छ। नेपाली कांग्रेसको विधान, २०१७ को धारा १७(२) बमोजिम उपरोक्त निवेदन दर्ता गरी विशेष महाधिवेशन माग भएको मितिले ३ महिना भित्र विशेष महाधिवेशन बोलाउनुपर्ने बाध्यात्मक व्यवस्था रहेकोमा नेपाली कांग्रेसको पन्धौं महाधिवेशन २०८२ पौष २६, २७, २८ मा सम्पन्न गर्ने गरी निवेदकहरुको तर्फबाट मिति २०८२।८।१५ मा महाधिवेशन कार्यतालिका प्रकाशित गरिएको भन्ने देखिन्छ। प्रकाशित कार्यतालिका बमोजिम केन्द्रीय महाधिवेशन मातहत निकायको अधिवेशन सम्पन्न हुन नसकेपछि विशेष महाधिवेशन मागकर्ताहरुको तर्फबाट मिति २०८२।९।११ निवेदकहरु समक्ष विशेष महाधिवेशन सन्दर्भमा स्मरणपत्र पेस गरेको भन्ने अवस्था देखिन्छ। निजैले मिति २०८२।९।१६ मा निर्वाचन आयोगसमक्ष बहुमत केन्द्रीय महाधिवेशन प्रतिनिधिहरुको माग र विधानको बाध्यात्मक व्यवस्था अनुसार माग गरेको विशेष केन्द्रीय महाधिवेशनलाई मिति २०८२

पौष २६,२७,२८ मा विधिवत, मर्यादित, व्यवस्थित र भव्यरुपमा सम्पन्न गर्न, गराउन नेपाली कांग्रेस पार्टीको केन्द्रीय सभापति, कार्यवाहक सभापति तथा केन्द्रीय कार्यसमितिलाई राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५७ ले दिएको अधिकार प्रयोग गरी आवश्यक निर्देशन प्रदान गर्न विशेष अनुरोध गरी निवेदन गरिएको भन्ने देखिन्छ। निवेदकहरुले पूर्व निर्धारित कार्यतालिका परिवर्तन गरी २०८३ वैशाख २८, २९, ३० र ३१ मा पार्टीको पन्धौं महाधिवेशन काठमाडौंमा गर्ने गरी कार्यतालिका प्रकाशित गरिएको देखिन्छ। सो आधारमा हेर्दा, विधानको १७(२) बमोजिम विशेष महाधिवेशन सम्पन्न गर्न, गराउनतर्फ निवेदकहरु उदासिन रहेको अवस्था देखिन आयो। प्रत्यर्थीहरुबाट नेपाली कांग्रेसको विधानको धारा ३(१२), २७(१) समेत बमोजिम विधानको धारा १७(२) अनुसार मिति २०८२ पौष २७ र २८ मा काठमाडौंको भृकुटीमण्डपमा विशेष महाधिवेशन हुने सम्बन्धमा मिति २०८२।९।२३ मा सूचना प्रकाशित भएको र सो बमोजिम विशेष अधिवेशन सम्पन्न गरिएको भन्ने लिखित जवाफबाट देखिन्छ। सो को जानकारी निर्वाचन आयोगलाई गराएको भन्नेसमेत मिसिल संलग्न प्रमाणहरुबाट देखिन आयो।

४७. यसप्रकार नेपाली कांग्रेसको विधान बमोजिम कारण खुलाई महाधिवेशन प्रतिनिधिहरुले मिति २०८२।६।२९ मा नै विशेष महाधिवेशनको माग गरी निवेदन दिएकोमा केन्द्रीय कार्यसमितिको मिति २०८२।८।१५ को निर्णयबाट नियमित महाधिवेशन गर्ने निर्णय भएपनि उक्त नियमित महाधिवेशन हुन सक्ने नदेखिएको र हुन नसकेको अवस्थामा बाध्यात्मकरुपमा बोलाउनुपर्ने विशेष महाधिवेशनको माग निष्कृय भएको मान्न नसकिने हुँदा विशेष महाधिवेशन आव्हान भई सम्पन्न भएको र उक्त महाधिवेशनले गरेका निर्णय तथा सम्वद्ध आवश्यक कागजातसमेत संलग्न गरी प्रत्यर्थी निर्वाचन आयोगमा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५१ बमोजिम दिएको जानकारीका आधारमा आवश्यक अध्ययन र जाँचबुझ गरी उक्त दफाको व्यवस्था बमोजिम निर्वाचन आयोगबाट दलका केन्द्रीय कार्यसमितिका पदाधिकारी समेतको हेरफेरलाई अद्यावधिक गरेको देखिन आएबाट प्रत्यर्थी निर्वाचन आयोग समेतबाट भएको उपरोक्त काम कारवाही र निर्णयमा कुनै कानूनी र कार्यविधिगत त्रुटि रहेको भनी मान्न मिलेन। विशेष महाधिवेशनका काम कारवाहीका सम्बन्धमा प्रशासनिक कार्य गर्ने सम्मको अख्तियार रहेका मुख्य सचिव कृष्णप्रसाद पौडेलले मिति २०८२।१०।२ मा प्रत्यर्थी निर्वाचन आयोगमा जानकारी गराएको भन्ने विषयको प्रेषित पत्रलाई उक्त ऐनको दफा ४३, ४४ अन्तर्गतको उजुरी मान्न मिल्ने देखिएन। साथै, केन्द्रीय कार्यसमितिका पदाधिकारीहरुको भएको हेरफेरको अद्यावधिक भएपछि प्रमुख पदाधिकारीकोरुपमा श्री गगनकुमार थापाको हस्ताक्षरबाट २०८२ फागुन २१ मा तोकिएको संघीय संसदको निर्वाचनको लागि हुने प्रत्यक्ष निर्वाचनतर्फको उमेदवारको मनोनयन भई निर्वाचनसमेत सम्पन्न भई राजनीतिक वैधता पाई रिट निवेदन गर्दाको अवस्थामा हाल सारभूत परिवर्तन भईसकेको अवस्थामा विशेष महाधिवेशन बोलाउने भनी निकालिएको विज्ञप्ति तथा

तत्सम्बन्धी काम कारवाहीसमेत बदर गरिपाउँ भनी लिएको निवेदन जिकिरको औचित्य समाप्त भईसकेको देखिनुका साथै निर्वाचन आयोगले राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५१ को परिधिभित्र रही उपलब्ध तथ्य, कागज प्रमाणको अध्ययन र जाँचबुझ गरी निर्णय भएकोमा ऐ. ऐनको दफा ४६(२) बमोजिम सो निर्णय अन्तिम हुने भएबाट विवादको तथ्य भित्र प्रवेश गरी प्रस्तुत रिट निवेदनको रोहबाट हस्तक्षेप गरी हेर्न उपयुक्त देखिएन।

४८. यसरी रिट निवेदकले अवैधानिक भनी दावीलिएको नेपाली कांग्रेसको विशेष महाधिवेशन समेतको काम कारवाहीहरु कानूनसम्मत् र वैधानिक ठहर भएकाले उक्त विशेष महाधिवेशनबाट निर्वाचित सभापतिको सभापतित्वमा गठन भएको केन्द्रीय कार्यसमितिले पार्टीको पन्ध्रौं महाधिवेशन मिति २०८३ साल असोज १६-१९ सम्म हुने भनी निर्णय गरी निर्धारण गरेको सो सम्वन्धी कार्यतालिका समेतका काम कार्वाहीहरु यथास्थितिमा राखिपाँऊ भनी पुरक निवेदनबाट माग गरेबमोजिमको अवस्थाको विद्यमानता नदेखिएकोले सो बमोजिमको आदेशसमेत जारी गर्नुपर्ने देखिएन।

४९. अतः माथी विवेचित आधार र कारणहरुबाट रिट निवेदन माग बमोजिमको आदेश जारी हुनु पर्ने अवस्थाको विद्यमानता देखिन नआएबाट प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। प्रस्तुत आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत प्रत्यर्थीहरुलाई दिनु। दायरीबाट निवेदनको लगत कट्टा गरी प्रस्तुत आदेश विद्युतिय प्रणालीमा प्रविष्ट गरी मिशिल नियमानुसार गरी अभिलेख शाखामा वुझाइदिनु।

(शारङ्गा सुवेदी)
न्यायाधीश

उक्त रायमा सहमत छु।

(नृपध्वज निरौला)
न्यायाधीश

इजलास अधिकृत : भेषराज पौडेल
कम्प्यूटर : मिनु शाही
इति संवत् २०८३ साल वैशाख ४ गते रोज ६ शुभम्।